# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ३ अङ्क २२ पूर्णाङ्क १२० | २०७५ मंसिर १० गते सोमबार | Monday, Nov. 26, 2018 | पृष्ठ ८ | मूल्य रु. १०।-


## बर्दियाको राजापुर नगरमा नेकपा परित्याग गरी क्रान्तिकारी माओवादीमा प्रवेश



वर्दिया । नेकपा (क्रान्तिकारी माओवादी) बर्दियाको राजापुर नगरमा नेकपा पार्टी परित्याग गरी पाँच जना स्थानीय नेता कार्यकर्ता क्रान्तिकारी माओवादीमा प्रवेश गरेका छन् । मंसिर ७ गते भएको एक कार्यक्रमबीच उनीहरू पार्टी प्रवेश गरेका हुन् । यसरी पार्टी प्रवेश गर्नेहरूमा देव तिरुवा, पौजे विक, कृष्ण विक, नृप तिरुवा, फकुवा थारु लगायत रहेका छन् ।

यसैबीच, राजापुर नगर कमिटिमा हेरफेर गर्दै सेक्रेटरीमा तिलकबहादुर थारुलाई चयन गरिएको छ भने कमिटि ९ सदस्यीय बनाइएको छ ।

### क्रान्तिकारी माओवादीको केन्द्रीय समितिको बैठक १२ मंसिरबाट बुटबलमा

# वर्गसंघर्ष र प्रतिरोध संघर्षका योजना निर्माण गरिने

● वर्गदृष्टि संवाददाता

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)को केन्द्रीय समितिको बैठक १२ मंसिरबाट बुटबलमा बस्ने भएको छ । बैठकले वर्गसंघर्ष र प्रतिरोध संघर्षका योजना निर्माण गर्ने केन्द्रीय नेताहरूले बताएका छन् । मुलुकमा नयाँ जनवादी क्रान्तिको कार्यभार बाँकी रहेको निष्कर्ष निकाल्दै क्रान्तिको तयारीमा जुटिरहेको क्रान्तिकारी माओवादीको यो बैठकलाई निकै चासोका साथ हेरिएको छ । यसअघिका बैठकहरूमा संगठन विस्तार तथा सुदृढिकरणमा जोड दिँदै आएको क्रान्तिकारी माओवादीले यसपटक मुख्यतः संघर्षका योजना निर्माणमा जोड दिने बताइएको छ ।



क्रान्तिका निम्ति तीन जादुगरी हतियारहरू (क्रान्तिकारी पार्टी, क्रान्तिकारी संयुक्त मोर्चा र क्रान्तिकारी जनसेना)को निर्माणमा जोड दिँदै आएको यो पार्टीले क्रान्ति गर्न लायक पार्टी निर्माणमा जोड दिँदै आएको छ । ०७४ असोजमा राष्ट्रिय सम्मेलन गरेको यो पार्टीले संयुक्त मोर्चा (देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल) मार्फत् तत्कालीन स्थानीय, प्रदेश र प्रतिनिधिसभाको निर्वाचनको क्रान्तिकारी उपयोग गऱ्यो । त्यसपछि निरन्तर संगठन विस्तार र सुदृढीकरणमा जोड दिँदै आएको क्रान्तिकारी माओवादीले सापेक्षिक रूपमा राष्ट्रियता, जनतन्त्र र जनजीविकामा मुद्दाहरूमा साना ठूला संघर्षका कार्यक्रमहरूलाई पनि संगठित गर्दै आएको छ । देजमोले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरूलाई समेटी सरकारलाई ९४ बुँदे ज्ञापन पत्र बुझाएको छ । प्रदेश, जिल्ला र नपा तथा गापा स्तरमा पनि स्थानीय मागहरू समेटी ज्ञापन पत्र बुझाइएका छन् । क्रान्तिकारी माओवादीले मुख्यतः देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल लगायत पार्टी सम्बद्ध सबै जबस मोर्चामार्फत् जनसंघर्ष उठानमा जोड दिँदै आएको छ ।

लिपुलेक-लिम्पियाधुरा-कालापानी, सुस्ता मात्रै होइन दश हजार वर्ग किमि नेपालको भूमि गायब पारिएको नक्कली नक्सा प्रयोगका विरुद्ध क्रान्तिकारी माओवादीले सडकमा उत्रिएर नै निरन्तर विरोध एवम् भण्डाफोरका कार्यक्रम गर्दै आएको छ । काठमाडौंमा त देजमो र क्रान्तिकारी युवा लिगले संयुक्त रूपमा जिल्ला प्रशासन कार्यालय, महानगरपालिका, नपा कार्यालयमा नक्कली नक्सा प्रयोगको विरोध गर्दै सक्कली नक्सा प्रयोगका लागि स्मरण पत्र समेत बुझाएको छ । यसलाई अभियानकै रूपमा देशैभरि लैजानुपर्ने आवाज उठिरहेको छ । सीमा अतिक्रमणलगायत राष्ट्रिघाती सन्धि सम्झौता, राष्ट्रघाती नागरिकता विद्येयक र नेपालमा भएको भारतीय हस्तक्षेपका विरुद्ध आवाज उठाउने यतिखेर क्रान्तिकारी माओवादी मात्रै जस्तो देखिएको छ । आफूलाई राष्ट्रवादी भन्ने अन्य पार्टीहरूले यी मुद्दाहरूमा जोड दिएको देखिएको छैन ।

क्रान्तिकारी माओवादीले दशवर्षे जनयुद्धले उठाएका प्रायः सबै मुद्दाहरू ज्युँका त्युँ रहेको भन्दै ती मुद्दाहरूको यथोचित सम्बोधनका लागि नयाँ जनवादी क्रान्तिको आवश्यकतामाथि जोड दिँदै आएको छ । घुमिफिरी रुम्झाटार भनेजस्तै दशवर्षे जनयुद्ध र आन्दोलनपछि पनि संसदीय व्यवस्था नै संस्थागत हुन पुगेको छ र त्यही व्यवस्थाको कुरूप र घिनलाग्दो वर्तमान भोगाइबाट नेपाली जनता आजित भइसकेका छन् । केन्द्रदेखि गाउँतहसम्म अहिले भ्रष्टाचार संस्थागत भएको छ । अत्यधिक रूपमा करको भारी जनतालाई ...बाँकी ४ पेजमा

## ‘देशमा राष्ट्रघात र जनघात तीव्र गतिमा बढिरहेको छ’



काठमाडौं । विप्लव नेतृत्वको नेकपाका स्थायी समिति सदस्य तथा प्रवक्ता प्रकाण्डले देशमा राष्ट्रघात र जनघात तीव्र गतिमा भइरहेको बताएका छन् । नेकपाले शनिबार काठमाडौंमा आयोजित सभालाई सम्बोधन गर्दै उनले देश र जनताको मुक्तिका लागि देशमा निर्णायक क्रान्तिको आवश्यकता भैसकेको पनि बताए । प्रकाण्डले नेपाली जनयुद्ध र जनआन्दोलनमा नेपाली छोराछोरीले बगाएको रगत खेर जान नदिने प्रतिबद्धता पनि व्यक्त गरे । उनले भने, “तपाईंका छोराछोरीले क्रान्तिमा बगाएको रगत र पसिना कुनै पनि कोणबाट खेर जान दिँदैनौं । यो सिंगो पार्टीका तर्फबाट प्रतिबद्धता हो ।” उनले निर्मला पन्तको हत्यारालाई कारबाही गरिने पनि दावी गरे ।

सभालाई नेकपा (माओवादी केन्द्र)का अध्यक्ष गोपाल किराती र नेकपाका अध्यक्ष ऋषि कट्टेल लगायतका नेताहरूले पनि सम्बोधन गर्दै क्रान्तिका लागि क्रान्तिहरूबीचको सुदृढ एकताको आवश्यकतामाथि जोड दिएका थिए । नेकपा विप्लवले देशैभरिबाट हजारौं कार्यकर्ता र जनता काठमाडौंमा उतारेर जनसभा सम्पन्न गरेको छ । सभामा कलाकारहरूले क्रान्तिकारी गीत तथा नृत्य समेत प्रस्तुत गरेका थिए ।

## संघर्षका योजना निर्माण गर्न क्रान्तिकारी माओवादीलाई सल्लाहकार समितिको सुझाव

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)को नवगठित केन्द्रीय सल्लाहकार समितिको बैठक नवलपरासीको बर्दघाटमा शनिबार सम्पन्न भएको छ । पार्टीका महासचिव मोहन वैद्य‘किरण’को प्रमुख आतिथ्यतामा सम्पन्न बैठकले सल्लाहकार समितिको संयोजकमा ओम गुरुङलाई चयन गर्दै ३१ सदस्यीय सल्लाहकार समिति निर्माण गरेको छ । उक्त समितिका सदस्यहरूमा जगत श्रेष्ठ, सुर्यबहादुर नकर्मी, पुष्पगोपाल श्रेष्ठ, कृष्ण श्रेष्ठ, पारसनाथ यादव, शालिकराम भण्डारी, कुमार थापा, ज्ञानेन्द्रमान श्रेष्ठ, निजाम्मुद्दीन, कमल देवकोटा, दिपक केसी, खड्ग मल्ल, मानध्वज श्रेष्ठ, ऋषिराम थारु, माधव खनाल, कुलराज अधिकारी, शर्मा, भुलबहादुर सुनारी, भवानी पाण्डे, इन्द्रध्वज गुरुङ, जयबहादुर शाही, टंक पोखरेल, चुडामणि बराल, उदय बस्नेत, भूमिश्वर कँडेल, पृथ्वी कार्की, डा. सुरेन्द्र खनाल, कृष्ण भण्डारी, डिल्लीजंग गुरुङ, राममणि अधिकारी रहेका छन् ।

सल्लाहकार समितिका जेष्ठ सदस्य इन्द्रध्वज गुरुङको अध्यक्षतामा बसेको पहिलो बैठकले डा. गुरुङलाई चयन गरेपछि डा. गुरुङको अध्यक्षतामा दोस्रो बैठक बसेको थियो । बैठकले राष्ट्रिय अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन, वर्तमान परिस्थिति, संगठन, संघर्ष, आर्थिकलगायतका अजेण्डामाथि व्यापक छलफल चलाई पार्टीलाई वस्तुगत परिस्थिति क्रान्तिका लागि अनुकूल रहेकोले संघर्षका कार्यक्रमहरू तर्जुमा गरी देशव्यापी संघर्ष सञ्चालनका लागि सुझाव दिएको छ । बैठकले पार्टी कमिटिहरूमा लेवीलाई नियमित गराउन, आर्थिक उत्पादनमा जोड दिन, पार्टीका विचार, दर्शनलाई जनताको घर घरमा पुऱ्याउन पार्टी प्रकाशनका ग्राहकलाई व्यवस्थित बनाउनु पर्ने, भारत, फिलिपिन्स र टर्की लगायतका देशमा आन्दोलनरत कम्युनिस्ट तथा माओवादी पार्टीहरूसँग भाइचरा सम्बन्ध विस्तारमा ध्यान दिनुपर्नेलगायतका सुझाव दिएको समितिका संयोजक डा. गुरुङले बताए ।

# नक्कली नक्सा प्रयोगविरुद्ध काठमाडौं महानगर अनुगमन



काठमाडौं । ओली सरकारले नेपालको कालापानीलगायत सीमा इलाकाको १०,०१८.९६५ वर्गकिलो मिटर जमीन भारतलाई बुझाएको विरुद्धमा काठमाडौं जिल्लाका देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल र क्रान्तिकारी युवा लिग नेपालले संयुक्त रूपमा महानगरमा नक्कली नक्सा प्रयोगविरुद्धको अनुगमन भव्यरूपमा सम्पन्न गरेका छन् । ओली प्रधानमन्त्री भएपछि भारत र नेपालका तर्फबाट इपीजी गठन गरी नेपालको भूगोल भारतीय ...बाँकी ४ पेजमा

## क्रान्तिकारी माओवादी अर्घाखाँचीको दोस्रो जिल्ला भेला सम्पन्न

### *टकमान राउतको नेतृत्वमा ११ सदस्यीय जिल्ला कमिटी गठन*

● दामोदर खनाल

सन्धिखर्क । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) अर्घाखाँचीको दोस्रो जिल्ला भेला सम्पन्न भएको छ । मंसिर ८ गते जिल्लाको सदरमुकाम सन्धिखर्कमा भएको भेलाले टकमान राउतको संयोजकत्वमा ११ सदस्यीय जिल्ला पार्टी कमिटि निर्माण गरेको छ । पार्टीका केस तथा अर्घाखाँची-प्यूठान इन्चार्ज पहाडको प्रमुख आतिथ्यतामा सम्पन्न भेलाले पार्टी, देजमो, जबस मोर्चाको जिल्लामा संगठन विस्तार गर्ने, स्थानीय जनताका समस्याहरूलाई समेटी राज्यका निकायहरूमा ज्ञापन पत्र दिने, आन्दोलनलाई संगठित गर्दै लैजाने लगायतका महत्वपूर्ण निर्णयहरू समेत गरेको छ । भेलामा नेपाल राष्ट्रिय शिक्षक संगठनका केन्द्रीय सचिवालय सदस्य तथा जिल्ला अध्यक्ष दुर्गाप्रसाद अधिकारी, क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय सचिवालय सदस्य तथा ५ नं. प्रदेश संयोजक दामोदर खनाल लगायतका नेताहरूको उपस्थिति रहेको थियो । भेलाको अध्यक्षता टकमान राउतले गरेका थिए ।

## गृहमन्त्री बादलकै अगाडि विष पिएर पूर्व जनसेनाले आत्महत्या गर्न खोजेपछि

काठमाडौं । तत्कालीन माओवादीका जनमुक्ति सेनाले गृहमन्त्री रामबहादुर थापाकै अघि विष सेवन गरेका छन् । थापालाई भेट्न गृहमन्त्रालय पुगेका पूव जनमुक्ति सेनाका सदस्य दुर्गाप्रसाद भट्टराईले गृहमन्त्रीकै अघि किटाणु मार्ने विष सेवन गरेका हुन् ।

आफूहरूमाथि अन्याय भएको भन्दै उनले गृहमन्त्रीसँगको कुराकानीकै क्रममा विष सेवन गरेका हुन् । विष सेवन गरेका उनलाई उपचारका लागि वीर अस्पतालको आकस्मिक कक्षमा भर्ना गरिएको थियो । उनको अवस्था सामान्य रहेको अस्पताल स्रोतले बताएको छ ।

# शान्तिसम्झौताको १२ बर्ष : द्वन्द्वको नयाँ बिजारोपण

*राष्ट्रियता, जनतन्त्र र जनजीविकाका र समाजको आर्थिक–समाजिक रूपान्तरणको दृष्टिले हेर्ने हो भने शान्तिसम्झौतापछिका १२ वर्षका तमाम घटनाक्रम र सबै सूचकांकले द्वन्द्वको व्यवस्थापन होइन, नयाँ बिजारोपण गरेको छ*



● इन्द्र राउत ●

१२ वर्षअघि मंसिर ५ गते दशवर्ष लामो जनयुद्धको अन्त्यको घोषणा गर्दै तत्कालीन माओवादी र सात राजनीतिक दलबीच शान्ति सम्झौता भएको थियो । दशवर्ष लामो जनयुद्धले उठाएका राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूको सम्बोधन र व्यवस्थापन शान्ति सम्झौतापछिका १२ वर्षमा हुन सकेन । सरकारहरू मात्र फेरिए सत्ता फेरिएन । शान्तिसम्झौतापछि भएको पहिलो संविधानसभाको चुनावपछिको संविधानसभाबाट २०६५ जेठ १५ मा घोषित लोकतान्त्रिक गणतन्त्र वास्तविक अर्थमा जनताको गणतन्त्र हुन सकेन । पञ्चायती व्यवस्थादेखि संवैधानिक राजतन्त्रात्मक व्यवस्था हुँदै लोकतान्त्रिक गणतन्त्रसम्म पनि उही वर्ग मात्र होइन, उही पात्र र प्रवृत्ति शासन सत्तामा हावी हुन पुग्यो । परिणामतः जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन, आदिवासी जनजाति आन्दोलन तथा अन्य सबै उत्पीडित तथा उपेक्षितहरूको आन्दोलन र यति ठूलो बलिदानका बाबजुद पनि जनताले अपेक्षित परिवर्तनको महसुस गर्न पाएनन् । मुलुक घुमिफिरी रुम्झाटार भनेझै संसदीय व्यवस्थाकै वरिपरि गोलचक्कर मार्न पुग्यो । परिवर्तनका निम्ति लडेका सीमित मुठ्ठिभर नेताहरू नवधनाढ्य दलाल वर्गमा फेरिए, युद्ध र आन्दोलनहरू विघटन गराइए । युद्ध र आन्दोलनले उठाएका परिवर्तनका मुद्दाहरू अहिले सडकमा असरल्ल अवस्थामा छन् । तिनै मुद्दाहरूको बलमा शासनसत्तामा आसिन हुन पुगेका दलाल शासकहरू अहिले ती मुद्दाहरू बोकेर हिड्ने पार्टी र शक्तिलाई सबैभन्दा ठूलो दुश्मन देख्न थालेका छन् र दमनकारी तथा निषेधकारी नीतिहरू तुर्जुमा गरिरहेका छन् । तर मानव समाज विज्ञानले पटक पटक सावित गरिसकेको छ कि समाजमा विभेद, अन्याय, अत्याचार, शोषण, दमन र उत्पीडन रहेसम्म क्रान्ति अविरल जारी रहन्छ र दमनले भीषण प्रतिरोधहरू जन्माइरहन्छ । दमन र प्रतिरोधकै बीचबाट क्रान्ति हुन्छ र यसैको बीचबाट परिवर्तनले नयाँ युगहरू जन्माउँदै अगाडि बढ्ने गर्दछ ।

राष्ट्रियता, जनतन्त्र र जनजीविकाका र ...बाँकी ७ पेजमा

## सम्पादकीय

# अभिभावकत्व गुमाउँदै गएको ओली सरकार

शान्ति संझौताको १२ वर्षे संक्रमणकाल पछि निर्वाचित भई बनेको ओली सरकारले सरकार गठनका नौ महिनाभित्रै देश र जनताको अभिभावकत्व गुमाउँदै गइरहेको छ । यसले पूरा गर्नुपर्ने दीर्घकालिन महत्वका राजनीतिक परिवर्तनसँग जोडिएका र शान्ति संझौता टुंगो लगाउने प्राविधिक पक्षहरूसँग जोडिएका अन्योन्याश्रित विषयहरू अझैं पनि टुङ्गो लाग्न र लगाउन बाँकी छन् । यसको कारणले गर्दा देश र देशभित्रको राजनीतिक परिस्थितिले ठोस आकार ग्रहण गर्न सकिरहेको छैन । व्यवहारमा यो संक्रमणकालकै अवस्थामा रहेको छ । हेर्दा संविधान पनि निर्माण भएको छ । आफूलाई वाम बताइरहेको राजनीतिक शक्तिको दुई तिहाईको बहुमतको सरकार पनि छ । तर राजनीतिक वातावरण भने निकै अन्यौलपूर्ण र दिन र रातको दोसाँध गोधुली बेलाको झैं प्रतित हुन्छ । देशमा संघीय गणतन्त्रात्मक संविधान निर्माण हुनु, तीन तहका सरकारहरूको परिकल्पना अनुसार तिनको निर्वाचन भई सरकारहरू पनि बनिसक्नु, धर्मनिरपेक्ष राज्य रहनु, समावेशिताको अभ्यास हुँदै जानु र समानुपातिकताको आन्तरिक सहभागितामा बृद्धि हुँदै जानु शान्ति प्रक्रिया पछिका संस्थागत हुन थालेका केही राजनीतिक उपलब्धिहरू हुन् । तर यी आफैमा पूर्ण र सन्तोष गर्न लायकका उपलब्धिहरूभने होइनन् ।

संसदीय व्यवस्थाका विरुद्धमा लामो सशस्त्र संघर्ष गरेर फेरि उही संसदीय व्यवस्थाको स्थापना हुनु आफैमा बिडम्बनापूर्ण कुरा हो । यो देश, काल र परिस्थितिका हिसाबले पनि सुहाउने कुरा होइन । शायद यो कार्ल मार्क्सले भने झैं इतिहासले गरेको एक मजाक हो, जसले देश र जनतालाई अकल्पनीय मूल्य चुकाउन जबर्जस्त घिसारेर लान खोज्ने छ । देशको दश हजार वर्ग किलोमिटर भूभाग आज छिमेकी देश भारतले हडपेर नेपालको भूभाग १,४७,१८१ वर्ग कि.मी.बाट १,३७,००० वर्ग किमीमा साँघुऱ्याएको छ । सरकारको भारतपरस्त दलालीकरणमा सत्ताधारी दलका नेताहरूको होडबाजी चलेको छ । प्रतिस्पर्धा सबैभन्दा ठूलो दलाल को हुने भन्नेमा चलेको छ । नेपाली जनतामा हिंजोको जस्तो उत्साह देखिदैन । चारैतिर उदासिनता र निराशा र अकर्मण्यताले घर गरेको छ । अग्रगामी, क्रान्तिकारी र राष्टवादी तथा प्रगतिशील शक्तिहरूको देशमा पकड निकै कमजोर अवस्थामा रहेको छ । दलाल तथा भ्रष्टाचारी, कमिसनखोर तथा विचौलियाहरूको हाइहाइ छ । संघीय भनिएको सरकार निरीह जस्तै छ । उसले देश र जनताको भविभावकत्व गुमाउँदै गएको छ । प्रत्येक गाउँपालिका तथा नगरपालिका, प्रदेश तथा संघीय गरी सबै सरकारहरूले जनताबाट लिने गरिएको चर्को करका कारण जनता वाक्कदिक्क भएका छन् । जनस्तरबाटै यो सरकारको विरोध सुरु भएको छ ।

सरकार गठन भएदेखि नै प्रधानमन्त्री तथा मन्त्रीहरू चर्को भोगविलासमा चुर्लुम्म डुब्दै गएका छन् । संघीय सरकारदेखि स्थानीय सरकारसम्मका सबै पदाधिकारीहरू जनताको सेवामा होइन, कसरी आफू र आफ्ना मानिसहरूको जीवनस्तर माथि उठाई वर्गोत्थान गर्ने भन्ने ध्याउन्नमा लागेका छन् । थोरै केही देश तथा जनप्रेमी प्रतिनिधिहरूले यसको विरोध गरेपनि उनीहरूको आवाजको सुनुवाई भएको छैन । केही जनप्रतिनिधिहरू त विरोध गरे वापत मन्त्रीमण्डलबाट निकालिएका पनि छन् । जनताका नाममा गरिएका कामहरूको मूल्यांकन गर्ने ठाउँ पनि छैन । केन्द्रमा हाकाहाकी विमान घोटाला, उपभोग्य वस्तुको घोटाला, ठेक्कापट्टामा कमिसनको खेल, दिनहुँ सुन तथा रक्त चन्दन तस्करी, भन्सार छली, वैदेशिक रोजगारीका नाममा सरकारबाटै वैधानिकता मिलाएर मानव तस्करी, चेलीहरूको अवैध बाटोबाट विदेशमा पैठारी आदि वर्तमान ओली सरकारका डलर आर्जन गर्ने स्रोतहरू बनेका छन् । विमानस्थल निर्माणका नाममा चारकोसे झाडी फँडानी र सालका काठ तस्करी, ठेक्कापट्टामा कमिसन र नदीहरू विजुली निकाल्ने नाममा लिलाम बढाबढमा ठेक्का, नहरहरू चौपट पारेर कमिसन, प्रदेश तथा स्थानीय सरकारका सदरमुकाम निर्माणका नाममा जंगल फँडानी र काठ तस्करी आदि ओली सरकारका केन्द्रदेखि स्थानीय स्तरसम्मका कामहरू बन्न पुगेका छन् ।

सत्य निरूपण तथा मेलमिलाप आयोग अलपत्र परेको छ । वैदेशिक हस्तक्षेप अकल्पनीय रूपमा बढ्दै गएको छ । देशमा सरकार छ कि छैन भनी जनताले प्रश्न गरिरहेका छन् । ओली सरकार देश र जनताको अभिभावकत्व गुमाउँदै गइरहेको छ ।


## लेखकहरूमा अनुरोध

१. **यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,**
२. **कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,**
३. **सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ।**

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**



**परिवर्तनको सम्वाहक**

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।

www.moolbato.com


# ऐतिहासिक भौतिकवाद



रामसिंह श्रीस

**१. ऐतिहासिक भौतिकवादको अध्ययन किन जरुरी छ ?**

मार्क्सले भन्नुभएको छ, "दार्शनिकहरूले संसारको विभिन्न पक्षबाट ब्याख्या गरेका छन् तर मुख्य काम संसारलाई बदल्नु हो ।" ऐतिहासिक भौतिकवादले संसार बदल्ने काम अर्थात् क्रान्तिकारी गतिविधिलाई सही दिशा-निर्देश गर्दछ । सोभियत संघको कम्युनिस्ट पार्टी (बोल्सेविक)को इतिहासमा ऐतिहासिक भौतिकवादको व्याख्या गर्ने सन्दर्भमा भनिएको छ :

(क) यदि सर्वहारा वर्गको पार्टीलाई सच्चा पार्टी बन्नु छ भने त्यसले सबभन्दा पहिले उत्पादनको विकासका नियमहरूबारे, समाजको आर्थिक विकासका नियमहरूबारे ज्ञान प्राप्त गर्नै पर्दछ ।

(ख) नीतिमा गल्ती नगर्ने हो भने सर्वहारा वर्गको पार्टीले आफ्नो कार्यक्रम तयार पार्दा र आफ्नो व्यवहारिक काम गर्दा मुख्यरूपले उत्पादनका विकासका नियमहरूलाई समाजको आर्थिक विकासमा नियमहरूलाई आधार बनाएर अघि बढ्नु पर्दछ । उपरोक्त दुईवटा कुराहरूको ज्ञान ऐतिहासिक भौतिकवादले दिन्छ ।

ऐतिहासिक भौतिकवादको राम्रो जानकारी नगरीकन क्रान्तिलाई विजयसम्म पुऱ्याउन सम्भव छैन । त्यसकारण संसार बदल्न सहि कार्यक्रम, रणनीति र कार्यनीति तय गर्नका लागि ऐतिहासिक भौतिकवादको नियमहरूको जानकारी आवश्यक छ ।

**२. ऐतिहासिक भौतिकवाद भनेको के हो ?**

कार्ल मार्क्सले (१८१८-१८८३) हेगेलको द्वन्दवाद र फायरवाखको भौतिकवादमा रहेका कमजोरीहरूलाई हटाएर द्वन्द्वात्मक भौतिकवादको विकास गर्नुभयो । द्वन्द्वात्मक भौतिकवाद मार्क्सवादी दर्शन हो । यस दर्शनले सर्वहारा वर्ग र आम शोषित उत्पीडित वर्गको पक्ष पोषण गर्दछ । मार्क्सको यही दर्शन द्वन्द्वात्मक भौतिकवादलाई मानव समाजको विकासमा लागु गर्नु नै ऐतिहासिक भौतिकवाद हो । सोभियत संघको कम्युनिस्ट पार्टी (बोल्सेविक)को इतिहासमा ऐतिहासिक भौतिकवादको परिभाषा यसरी गरिएको छ, "ऐतिहासिक भौतिकवाद भनेको सामाजिक जीवनको अध्ययनमा द्वन्द्वात्मक भौतिकवादका सिद्धान्तहरूको विस्तार हो, सामाजिक जीवनका परिघटनामा समाज र त्यसको इतिहासको अध्ययनमा द्वन्द्वात्मक भौतिकवादका सिद्धान्तहरूको प्रयोग हो ।" त्यसकारण ऐतिहासिक भौतिकवादलाई बुझ्नका लागि सर्वप्रथम द्वन्द्वात्मक भौतिकवादलाई बुझ्न जरुरी हुन्छ । द्वन्द्वात्मक भौतिकवादको विषयमा छुट्टै उल्लेख गरिने भएकाले यहाँ त्यस विषयमा चर्चा गरिएको छैन । तर ऐतिहासिक भौतिकवादको बारेमा जानकारी लिन चाहने व्यक्तिले त्यसभन्दा पहिले द्वन्द्वात्मक भौतिकवादको बारेमा जानकारी लिन जरुरी छ । द्वन्द्वात्मक भौतिकवादको कतिपय नियमहरू मार्क्सभन्दा पहिलेका दार्शनिकहरूले पत्ता लगाईसकेका थिए । तर द्वन्द्वात्मक भौतिकवाद अनुसार मानव समाजको विकासलाई विश्लेषण गर्ने काम सबभन्दा पहिले कार्लमार्क्सले नै गर्नुभयो । त्यसकारण मार्क्सको मौलिक खोजहरूमध्ये ऐतिहासिक भौतिकवाद पनि एउटा हो ।

**३. ऐतिहासिक भौतिकवादको विषय वस्तु के हो ?**

द्वन्द्वात्मक भौतिकवादले सम्पूर्ण जगत, प्रकृति, मानव समाज र ज्ञानको सिद्धान्तको बारेमा अध्ययन गर्दछ । ऐतिहासिक भौतिकवादले सम्पूर्ण जगतभित्रको एउटा पक्ष मानव समाज र त्यसको विकासको नियमहरू अध्ययन गर्दछ । त्यसकारण ऐतिहासिक भौतिकवादको विषयवस्तु भनेको मानव समाजको कुनै विषयको बारेमा मात्र होइन कि मानव समाजको समग्र पक्षको अध्ययन गर्नु हो ।

**४. मानव समाज के हो ?**

मार्क्स भन्दा पहिलेका समाजशास्त्रीहरूले मानिसहरूको कुल योगलाई नै समाज भन्थे । तर समाज भनेको मानिसहरूको योग मात्र होइन । बाँच्न र विकास गर्नका लागि मानिसहरूले भौतिक वस्तुको उत्पादन गर्नु पर्दछ । मानिस एक्लैले भौतिक वस्तुको उत्पादन गर्न सक्दैन । त्यसरी मानिसहरू भौतिकवस्तु उत्पादन गर्नका लागि आपसमा मिलेर बस्छन् र त्यसबाट सिर्जित भएका राजनीतिक, आर्थिक, नैतिक, धार्मिक आदि सम्बन्ध नै समाज हो ।

**५. ऐतिहासिक भौतिकवाद र अन्य समाज विज्ञानको बीचमा के भिन्नता छ ?**

सामाजिक जीवनका नियमहरूको अध्ययन ऐतिहासिक भौतिकवाद बाहेक अन्य सामाजिक विज्ञानहरूले पनि गर्दछन् । जस्तो राजनीतिक शास्त्र, अर्थशास्त्र, इतिहास, सौन्दर्यशास्त्र, भाषाशास्त्र आदि सबैले समाज विकासको नियमहरूको नै अध्ययन गर्दछन् । तर यी समाज विज्ञानहरूले मानव समाजको खास एउटा पक्षको अध्ययन गर्दछन् । जस्तो अर्थशास्त्रले समाज विकासको विभिन्न चरणहरूमा मालको उत्पादन, वितरण, विनियमको नियम र सम्बन्धको अध्ययन गर्दछ भने भाषाशास्त्रले मानव समाजको विभिन्न चरणमा मानिसहरू बीचमा हुने सम्पर्क माध्यमको रूपमा भाषाको अध्ययन गर्दछ । तर ऐतिहासिक भौतिकवादले सामाजिक विकासको आम नियमहरूको अध्ययन गर्दछ । यसले मानव समाजको विकासलाई निर्देश गर्ने सार्वभौम नियमको अध्ययन गर्दछ । मूर्तरूपमा भन्नु पर्दा यसले इतिहासमा जनता र व्यक्तिको भूमिका कस्तो रहन्छ, वर्गहरूको उत्पत्ति कसरी भयो र वर्गसंघर्ष कसरी चल्छ, राज्यको उत्पत्ति कसरी भयो, सामाजिक क्रान्ति किन हुन्छ आदिको बारेमा अध्ययन गर्दछ ।

**६. सत्ता र चिन्तनमा कुन प्रमुख हो ?**

सत्ता र चिन्तनको प्रश्न दर्शनशास्त्रको प्रमुख प्रश्न हो । द्वन्द्वात्मक भौतिकवादले सत्ता (पदार्थ) लाई प्रथम र चेतनालाई दोस्रो मान्दछ । ठीक त्यही किसिमले ऐतिहासिक भौतिकवादले सामाजिक अस्तित्वलाई प्रथम र सामाजिक चेतनालाई दोस्रो मान्दछ । यस सन्दर्भमा मार्क्स भन्नुहुन्छ "मानिसको चेतनाले उनीहरूको सत्तालाई निश्चित गर्दैन, बरु त्यसको उल्टो सामाजिक सत्ताले उनीहरूको चेतनालाई निर्धारित गर्दछ ।" सामाजिक अस्तित्व (Social Being) भनेको मानिसको भौतिक जीवन हो । विचार, दृष्टिकोण, सिद्धान्त र भावुकता सामाजिक अस्तित्वका प्रतिविम्ब हुन् र यसलाई सामाजिक चेतना भनिन्छ । सामाजिक अस्तित्वले सामाजिक चेतनालाई निर्धारित गर्दछ भने समाजको भौतिक अस्तित्वमा परिवर्तनको लागि सामाजिक चेतनाको सक्रिय रोल हुँदैन भन्ने अर्थ निकालिन्छ भने त्यो गलत हुन्छ । ऐतिहासिक भौतिकवादले त्यसो भन्दैन । सामाजिक अस्तित्व अनुसार चेतनाको विकास भए पनि सामाजिक चेतना, विचार, सिद्धान्तले समाजको विकासमा सक्रिय ...बाँकी ४ पेजमा

# प्रशिक्षक प्रशिक्षणमा सहभागीका अनुभूतिहरू

*प्रशिक्षक प्रशिक्षण कार्यक्रमको अन्त्यमा सहभागीहरूमध्येबाट प्रतिनिधित्व गर्ने केही सहभागीहरूले आफ्नो प्रदेशको प्रतिनिधित्व गर्दै आ-आफ्ना अनुभूतिहरू प्रस्तुत गर्नु भएको थियो, जसलाई निम्नअनुसार राखिएको छ :*

**प्रदेश १: क. पर्वत**

नयाँ जीवनप्राप्त गरेका छौं । ज्ञान छिपछिपे रहेछ, अब हामीले मार्क्सवादलाई बुझेर त्यसलाई लागु गर्ने सम्बन्धी ज्ञान पाएका छौं । यो कुरा अब हामीले कतिआफ्नो अध्ययनलाई स्वअध्ययनद्वारा बढाउँछौं त्यसमा निर्भर रहनेछ । अब फर्केर हाम्रो प्रदेश र जिल्लामा कति काम गर्न सक्छौ ? प्रशिक्षकहरूद्वारा दिएका सामाग्री हाम्रा लागि महत्वपूर्ण छन् । प्रशिक्षण चाखलाग्दो र उत्साहपूर्ण रह्यो । कुनै सेसनमा हामी कोही निदाएको देखिएन ।

प्रदेश १मा जम्मा १४ जिल्लाहरू छन्, ती सबैमा हामीले प्रशिक्षण दिने छौं भन्ने प्रतिवद्धता व्यक्त गर्दछौं । अब हामीहरूसित विरोधीसित बहस गर्ने कुरा प्राप्त भएको छ । यो प्रशिक्षणले हामीलाई एक्ला एक्लै नगरी सामूहिकतामा काम गर्न सिकाएको छ । प्रदेश १ बाट हामी चार जनाले यो तालिम लिएका छौं । अब हामीले हाम्रा बीचमा ती विषयहरूलाई छुट्टयाएर सेसनको जिम्मा बाँडफाँड गर्ने छौं । मार्क्सवादवारे नयाँ खुराक नयाँ गुँदी पाएका छौं । मार्क्सवादको हामीमा पुनर्जन्म भएको छ ।

**सुझाव** : प्रशिक्षकहरूले प्रशिक्षण दिंदा विषयहरू सिलसिलेवार भएन कि ? सेसनहरू तलको माथि माथिको तल भए कि ?

**प्रदेश २: क. रामनारायण सिंह**

वास्तविक मानव जीवनमा प्रवेश गरेको अनुभूति गरेका छौं । अब हामी साच्चै मार्क्सवादको जीवनमा प्रवेश गरेको हो कि जस्तो भएको छ । यस्तो क्लास पहिलेदेखि नै नेकपा-माओवादीकै पालामा आएको भए पार्टीको वर्तमान अवस्था फरक हुने थियो । क्रान्तिको पक्षमा पार्टीलाई लैजान अब सुरु भएको छ ।

**सुझावहरू** : यसलाई निरन्तर सञ्चालन गर्ने पार्टी र अन्य जवसमा पनि तलैसम्म सिसिलेवार र नियमित ढंगमा लैजानु आवश्यक छ । प्रशिक्षकहरू ज्ञाता हुँदाहुँदै पनि सिलसिलेवारमा नगई तलमाथि पऱ्यो कि ? सबैको उत्साह बढेको छ । समय अलि छोट्याउदै जाने हो कि ?

**प्रदेश ३: क. भरत बुर्जा**

यो कार्यक्रममा सहभागी हुने मौका पाए । शैक्षिक योग्यताका हिसाबले पनि अण्डर एसूएल्सीदेखि माष्टर्ससम्मका छौं । उहिलेका प्रशिक्षणमा अनुशासन कम थियो । अहिले अनुशासनबद्ध भएको छ । अहिले हाम्रो बुझाइमा करीब करीब एकरूपता भएको छ ।

फिल्डबाटपाएका ज्ञानलाई केन्द्रीकृत गरेका छौं । यसलाई कसरी प्रभावकारी बनाउने त्यो महान सवाल हो । विभिन्न जिल्लामा कार्यान्वयनमा जोड दिएमा यसको प्रभावकारिता बढ्ने छ । अब हामी व्यवहारमा जानु पर्छ ।

**प्रदेश ४: क. शिवध्वजपुन**

आफ्नो अनुभवको क्रममा प्रशिक्षकहरूले दिएका ज्ञानलाई आ-आफनो हिसावले के कति सिक्यौं, त्यो फिल्डमा कामगर्दा थाह होला । जिल्लाबाट तलको पार्टी नदेखिने अवस्थामा जिल्लासम्म यसलाई कसरी लान सकिएला यसमा समग्र पार्टीले ध्यान दिनु आवश्यक छ ।

जनताको बीचमा हामी स्थापित हुनका लागि हामीले जनताका बीचमा के कति कार्यक्रम लिएर गयौं, त्यो महत्वपूर्ण हुन्छ । प्रशिक्षणलगायत अन्य कार्यक्रमवारे पनि पार्टीमा बहस छलफल गर्दै जानुपर्ला कि ?

**प्रदेश ५: क. धनेश्वर पोखरेल शिशिर**

हामीले समीक्षा गर्दा मलाई युद्धको अनुभूतिभएको छ । त्यसबेला हामी कार्यक्रमपछि समीक्षा गर्दथ्यौं । त्यसले नयाँ उर्जा दिन्थ्यो । युद्धका दौरानमा ल्याएका अनेकौ प्रशिक्षण र यसमा फरक छ । यसले हामीलाई अहिले नयाँ उर्जा दिएको छ । हामी उत्साहित भएका छौं र एक प्रकारको उल्लास आएको छ । साँच्चै हामी मार्क्सवादी हुन कति अप्रर्याप्त रहेछौ । जनतामा जान आन्दोलन हाँक्न हामी कति सैद्धान्तिक रूपले सम्पन्न हुनुपर्दो रहेछ भन्ने ज्ञान भयो ।

उत्सुकता हुँदाहुँदै समय सकियो । समय अलि थोरै जस्तो लाग्यो । मार्क्सवादीआन्दोलनको क्षेत्रमा यो एउटा कोशे ढूङ्गा साबित रहयो । पार्टी नेतृत्वप्रति हामी गौरव गर्दछौ । अब हामीलाई प्रशिक्षक भएर प्रशिक्षण दिन सक्ने भरपर्दो बनायो । दर्शन, वैज्ञानिक समाजवाद, राजनीतिक अर्थशास्त्र तथा मार्क्सवादी सौन्दर्यशास्त्रजस्ता विषयहरूमा गहिरो गरी अध्ययन गर्न मद्दत मिल्यो । समग्रमा कार्यक्रम अत्यन्त उपलब्धीपूर्ण रहेको छ ।

**केही सुझावहरू**: कार्यक्रमको समयतालिकामा समयसमयमा परिवर्तन भयो । विषयवस्तु बाहिर नगएको भए राम्रो हुने थियो । प्रशिक्षणको तयारीमा प्रशिक्षार्थीको छनोटमा केही कञ्जुष्याई देखियो । समग्रमा यो कार्यक्रम अत्यन्तै राम्रो समसामयिक र योजनावद्ध रह्यो ।

**प्रदेश ६: क. खडानन्द लामिछाने**

पार्टी केन्द्रीय स्कुल विभागले आयोजना गरेको यो कार्यक्रमबारे आफ्नै खालको अनुभूति भएको छ । २०५२ सालको जनयुद्ध सफलभएको भएअर्कै स्कुलिङ हुने थियो । फेरि पनि जनयुद्धकै तयारी गर्ने खालको यो प्रशिक्षण भएको छ । दर्शन, वैज्ञानिक समाजवाद, राजनीतिक अर्थशास्त्रजस्तै अनेको वादवारे सिकाइ भयो । मार्क्सवादी सौन्दर्यशास्त्रवारे ज्ञान भयो । मार्क्सवादका विरोधीलाई कसरी तहलगाउन सकिन्छ, त्यसवारे सिक्यौं । इतिहास, राजनीति, दर्शन आदिवारे सिक्यौं । पार्टीबारे सिकियो । वर्गसंघर्षको महत्व, सर्वहारावर्गको अधिनायकत्व, मार्क्सवादमा परिवारबारे सिक्यौं । समग्रमा सर्वहारावर्गको मुक्तिको दर्शन वारे सिकियो ।

हाम्रो पार्टी नै सहीक्रान्तिकारी पार्टी हो भन्ने स्पष्ट भयो । अरुलाई कसरी प्रशिक्षण दिने, यसको तयारी र व्यवस्था पन कसरी गर्ने भन्नेबारे सिकियो । यो प्रशिक्षक प्रशिक्षण कार्यक्रम एउटा ऐतिहासिक महत्वपूर्ण कोशे ढूङ्गा सावित भएको छ ।

**प्रदेश : ७ क. लालकिरण**

समय सान्दर्भिक र महत्वपूर्ण रहेको छ । हिजो हामीसित वैचारिक दृढता कमजोर भएर क्रान्ति अधुरो भए तापनि त्यसलाई अब हामीले नयाँ शिराबाट अगाडि बढाउन छौं । यसले पार्टीभित्रका केन्द्रदेखि तलसम्मका नेता तथा कार्यकर्ता बीचमा सुमधुर सम्बन्ध बढाउन मद्दत गरेको छ । हामी सहभागीहरू जनविद्रोहको ल्पेनको क्यापटेन भएका छौं ।

वैज्ञानिक समाजवाद, दर्शन, राजनीतिक अर्थशास्त्र, कला साहित्य, पार्टी र संगठन, संयुक्त मोर्चा आदि हरेकमा ज्ञान प्राप्त भएको अनुभूति भएको छ । समग्रमा यो कार्यक्रमलाई प्रदेश, जिल्ला र जनताको तहसम्म लागुगर्दै गएमा हामी सफल हुने छौं ।

**क. इन्दीरा अधिकारी** (**महिला सहभागी**)

स्व-अध्यनको महत्व र आफूले बुझ्ने र बुझाउने भएको छ । अब कसैले दूलमूल गराउँदा नहुने भएको छ । अध्ययनका लागि थप उर्जा दिएको छ । पार्टीको नीति, कार्यनीति, रणनीति, पार्टी विधानआदिबारे ...बाँकी ७ पेजमा

# शान्ति सम्झौताका बाँकी काम टुंगो नलागे हामी सबै फस्ने छौं



**मोहन वैद्य 'किरण'**

- जनमुक्ति सेनाका योद्धाहरूको व्यवस्थापन गरिएन
- सहिद, बेपत्ता, घाइते, अपाङ्गका छोराछोरीको रेखदेख भएन
- शान्ति सम्झौतापछि विद्रोहीहरूको अभिभावकत्व राज्यले लिनुपर्छ
- शान्ति सम्झौता गर्दा केन्द्रीय समितिको बैठक नै नबसी एकल निर्णय गरिएको थियो
- कस्ता उपाय अपनाउँदा 'रिजल्ट' आफ्नो पक्षमा आउँछ भनेर हेक्का राख्नुपर्थ्यो
- सत्यनिरूपण तथा मेलमिलाप आयोगका कामहरू टुङ्गिने कुनै छाँटकाँट देखिँदैन
- शान्तिप्रक्रियाका कामहरू सल्ट्याउने सबैभन्दा बढी प्रचण्डजीकै जिम्मामा जान्छ
- बलिदानको उच्च मूल्यांकन गरेर गौरवान्वित हुनुपर्छ
- भावी राजनीतिक परिवर्तन यही त्याग र बलिदानको जगमा उभिएर आउँछ

***जनयुद्ध विधिवतरूपमा अन्त्य गर्ने विस्तृत शान्ति सम्झौता भएको १२ वर्ष पुगेको छ। तपाईं यो अवधिको समीक्षा गर्दा कसरी गर्नुहुन्छ ?***

यसको समीक्षा दुई हिसाबले गर्नुपर्छ । पहिलो, राजनीतिक नै हो । दोस्रो, शान्ति प्रक्रियासँग सम्बन्धित पक्ष । जहाँसम्म राजनीतिक समीक्षा हो, संविधानसभामार्फत् लोकतान्त्रिक गणतन्त्रको स्थापना र संसदीय राजनीतिको पुनर्स्थापना भयो । हाम्रो दश वर्षे जनयुद्धको उद्देश्य नेपालमा नयाँ जनवादी सत्ता कायम गर्दै वैज्ञानिक समाजवादमा जाने थियो । तर, हाम्रो राजनीतिक उद्देश्य सफल भएन ।

हामीले संसदीय व्यवस्थाका विरुद्ध पनि सङ्घर्ष गरेका थियौँ । दश वर्ष चलेको जनयुद्धका सहिद, बेपत्ता, घाइते साथीहरूको मूल्य संसदीय व्यवस्थाकै पुनर्स्थापना थिएन । त्यो नयाँ जनवादी राज्य सत्ताका लागि थियो । यस अर्थमा हाम्रो लक्ष हासिल हुन सकेन । यद्यपि गणतन्त्र, धर्मनिरपेक्षता, सङ्घीयता, समावेशीतजस्ता कतिपय पक्षहरू आंशिक रूपमा सकारात्मक नै हुन् । समग्रमा हामीले चाहेको क्रान्ति सफल हुन सकेन ।

दोस्रो, शान्ति सम्झौतासँग सम्बन्धित पक्ष, जुन प्राविधिक पाटो पनि हो । जनयुद्धकालमा लागेका मुद्दाहरू यथावत कायम छन् । सत्य निरूपण तथा मेलमिलाप आयोग बन्यो । तर, अहिले त्यसको म्याद सकिँदैछ । थपिएको म्यादमा पनि काम हुने देखिँदैन ।

माओवादी नेता कार्यकर्ताहरूलाई लगाइएका मुद्दाहरू अन्य मुद्दासरह अदालतहरूबाट फैसला गर्ने प्रक्रिया अगाडि बढिराखेको छ। बालकृष्ण ढुङ्गलेको त्यहीँबाट भयो । चितवन (छबिलाल पौडेल-सं.) को केस त्यहीँबाट भयो । जसले गर्दा यी आयोगहरूको खासै काम भएन । बेपत्ता योद्धाहरू पत्ता लगाउने काम पनि भएन ।

अन्तर्राष्ट्रिय मान्यताअनुसार यस्ताखालका सहमति सम्झौता गर्दा एउटा विशेष ढङ्गले मुद्दामामिला खारेज गरिने परम्परा पनि रहेछ । हाम्रोमा त्यता ध्यान गएन। मुद्दामामिला बाँकी राखियो। जनयुद्धमा लडेका जनमुक्ति सेनाका योध्दाहरूलाई बर्हिगमित भनेर हटाइयो । उनीहरूले माग राख्दा पनि ती मागको समुचित सुनुवाइ भएन। कतिपय साथीहरू घाइते अपाङ्ग भएका थिए। उनीहरूको घाउ उस्तै छ । गोलीका छर्राहरू अझै छन् । राज्यले उनीहरूको व्यवस्थित ढङ्गले औषधोपचार गर्नुपर्ने हो। तर त्यतातिर ध्यान दिइएको छैन ।

पार्टीमा कुनै सरसल्लाह छैन । केन्द्रीय समितिको बैठक बसेको छैन । उहाँहरू दुई जनाले मात्रै छलफल गर्नुभयो । सम्झौता गर्नुअघि त बस्नुपर्थ्यो नि केन्द्रीय समितिको बैठक । यी-यी कुराहरूमा हाम्रो असहमति छ, त्यसमा हामी सबैको अडान रहनुपर्छ भनेर त भन्नु पर्थ्यो नि । तर, उहाँहरूले केही भन्नु भएन । पछि शान्ति सम्झौताको बारेमा अर्थ लगाउँदा छुट्टाछुट्टै अर्थ आए। अन्य राजनीतिक पार्टीको फरक अर्थ । माओवादीले अर्कै अर्थ लगायो । यस्ता कुराहरूमा होसियारीपूर्वक जानुपर्थ्यो ।

जनमुक्ति सेनाका योद्धाहरूको व्यवस्थापन हुनुपर्ने थियो । यो दिशातर्फ पनि ध्यान गएन । जनयुद्धमा लडे उनीहरू तर अहिले रोजगारीका लागि बाहिरीमुलुक जाने अवस्था भयो । त्यो राम्रो होइन । कतिपयले जसरी शान्ति प्रक्रिया पूरा भयो भन्छन्, यी दुई हिसाबले पूरा हुन सकेको छैन ।

***उपलब्धिहरू पनि त भए होलान् नि ?***

आंशिक उपलब्धि भएका छन् । गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समानुपातिक समावेशी प्रतिनिधित्व यी उपलब्धि हुन् । हामीले समग्रतामा उपलब्धि हासिल गर्ने भनेका थियौँ । तर, यी आंशिक उपलब्धि मात्र भए ।

जनयुद्धसँगै लडेका तपाईं, प्रचण्ड, बाबुराम, विप्लव अहिले छुट्टाछुट्टै पार्टीमा हुनुहुन्छ । अहिले सबैका आआफ्नै भनाइ छन् । जनयुद्धमा लागेकाहरू 'कन्फ्युज' हुनुपर्ने भो है, को ठीक को बेठीक भनेर ?

हो, को ठीक को बेठीक भनेर 'कन्फ्युज' हुने अवस्था छ। अब कसले लिएको बाटो ठीक हो भनेर मूल्याङ्कन गर्ने हो भने मापदण्ड जनयुद्धको लक्ष्यलाई आधार बनाउनु पर्छ । हामीले चाहेको जुन राज्य व्यवस्था हो, त्यो राज्य व्यवस्था आयो कि आएन ?

कुनै पनि कुराको मूल्याङ्कन गर्दा के-के उद्देश्य राखेर काम सुरु भएको थियो भन्ने कुरा मुख्य हुन्छ । त्यो आधारमा कतिपयले बुझेका छन् । फेरि सबैले बुझेका छन् भन्ने पनि होइन । केही अलमलमा पनि छन् । बुझ्नेले बुझेका छन् । नबुझेकाले पनि बुझ्दै जाने छन् ।

***तपाईंले भन्याजस्तै जनयुद्धको सुरुआती उद्देश्य अनुरूपको सफलता हासिल नहुनुमा कमजोरी कसको हो ?***

कमजोरी मुख्य नेतृत्वमा रहेका साथीहरूको हो । कमजोरीको हिस्सा प्रचण्डजीले लिनुपर्छ । यो प्रक्रियामा बाबुरामजी पनि समाहित हुनुभयो । उहाँको हिस्सामा पनि जान्छ । अब हाम्रो हिस्सामा पनि आउला, कतिपय कमजोरीमा । त्यो बाटोमा जाँदा हामीले रोक्न सकेनौँ । हामीले रोक्नुपर्थ्यो । त्यसैले हाम्रो पनि कमजोरी भयो भन्ने लाग्छ ।

***सिधासिधा भनिदिनुस् न प्रचण्ड र बाबुरामबाट कहाँनेर गल्ती भयो ?***

हामीले भन्दै आएका छौँ, मुख्य गल्ती चुनवाङ बैठकले नयाँ जनवाद छोडेर लोकतान्त्रिक गणतन्त्रको लाइन लियो । मुख्य कमजोरी त्यहाँबाट सुरु भयो । त्यसपछि बाह्रबुँदे आदि इत्यादि प्रक्रियाहरू आए । यद्यपि आन्दोलनको प्रक्रियामा सहमति गर्न हुँदैन, सम्झौता गर्न हुँदैन भन्ने कुरा होइन, गरिन्छ । आफूले भन्या जस्तो ठ्याक्कै हुँदैन पनि । पछि आएर, ०६३ मङ्सिर ५ मा, जुन शान्ति सम्झौता गरियो, त्यहाँ त अचानक जनयुद्धको अन्त्य भएको घोषणा गरियो ।

पार्टीमा कुनै सरसल्लाह छैन । केन्द्रीय समितिको बैठक बसेको छैन । उहाँहरू दुई जनाले मात्रै छलफल गर्नुभयो । सम्झौता गर्नुअघि त बस्नुपर्थ्यो नि केन्द्रीय समितिको बैठक । यी-यी कुराहरूमा हाम्रो असहमति छ, त्यसमा हामी सबैको अडान रहनुपर्छ भनेर त भन्नु पर्थ्यो नि । तर, उहाँहरूले केही भन्नु भएन । पछि शान्ति सम्झौताको बारेमा अर्थ लगाउँदा छुट्टाछुट्टै अर्थ आए। अन्य राजनीतिक पार्टीको फरक अर्थ । माओवादीले अर्कै अर्थ लगायो । यस्ता कुराहरूमा होसियारीपूर्वक जानुपर्थ्यो ।

संविधानसभा आदि इत्यादिका कुराहरू हामी सबैले राखेको माग हो । त्यसलाई कार्यनीतिक रूपबाट स्वीकार गर्ने भनेर भनिएको हो । तर, त्यहाँ 'मुभ' गर्दा संविधानसभा नै लक्ष्य त थिएन । त्यो साधन मात्रै थियो । साधनको उपयोग गर्ने सिलसिलामा कमजोरी भए भन्ने लाग्छ ।

***शान्ति सम्झौतामा हस्ताक्षर गरेका प्रचण्ड नेतृत्वको पार्टी र तत्कालीन एमालेबीच एकता भएर नेकपा बनेको छ । तपाईंलाई के लाग्छ, शान्ति प्रक्रियाका बाँकी मुद्दा नेकपाले सल्ट्याउन पहल गर्ला ?***

यो काम सबैभन्दा बढी प्रचण्डजीकै जिम्मामा जान्छ । अब उहाँले के गर्नुहुन्छ ? सत्यनिरूपण तथा मेलमिलाप आयोग बनाइयो । तर, त्यसलाई सञ्चालन गर्ने कानुन छैन । त्यसलाई अधिकार पनि दिइएन । त्यो निरिह आयोग बनेको छ । यो स्थितिमा मुद्दा कसरी जान्छन् भन्दा बालकृष्ण ढुङ्गेल एउटा उदाहरण हुन् ।

यो प्रक्रियाबाट जाँदा जनयुद्ध सञ्चालनकर्ता सबैलाई मुद्दा लाग्छ । उहाँहरू पनि बच्नु हुन्न । हामी पनि बच्दैनौं । यो ऊ नभनौं, 'लिडरसिप' पूरै पर्छ त्यहाँ । त्यस्तो स्थिति अहिले छ । त्यसैले बेलैमा कानुनी प्रक्रियाले कसरी टुङ्ग्याउने भनेर त सोच्नुपर्‍यो नि ।

अर्को, सत्यनिरूपण तथा मेलमिलाप आयोगसँग सम्बन्धित कामहरू टुङ्गिने कुनै छाँटकाँट देखिँदैन । अब राजनीतिक सहमति गरेर जाने हो भने पनि त्यसको प्रष्ट खाका वा रूपरेखा आउँदैन । त्यो केही नआएको सन्दर्भमा शान्ति प्रक्रियाको सङ्क्रमणकाल सिद्धिदैन । उहाँहरूले त संविधान बनेपछि सङ्क्रमणकाल सकियो भन्नु भएको छ । यी कुराहरू बाँकी राखेर सङ्क्रमणकाल कसरी सिद्धिन्छ ? सङ्क्रमणकाल सिद्धिन्न । उहाँहरूको यो तरिका ठीक छैन ।

प्रचण्ड प्रधानमन्त्री हुँदा त भेटेकै हो । केपी ओलीजी पहिला प्रधानमन्त्री हुँदा पनि भेटेकै हो । कानुन नभएर सबै कुरा बिग्रियो भन्ने कुरा आयो । बाबुरामजी पनि प्रधानमन्त्री हुनुभयो । उहाँहरू आफै प्रधानमन्त्री हुँदा किन बनाउनु भएन कानुन ? यस्ता कुरामा उहाँहरूले गम्भीरतापूर्वक सोच्नुपर्ने हुन्छ ।

शान्ति सम्झौताका बाँकी काम टुङ्ग्याउने विषयका लागि आन्दोलन गर्नुपर्छ भने हामी गर्छौं । उहाँहरू पनि कि त आन्दोलनमा तानिनु पर्‍यो, होइन भने दण्ड सजायको भागी भएर जानुपर्‍यो । त्यस्तो अवस्था नआओस् भन्न अझै समय छ । प्रचण्डजीले यसलाई गम्भीरतापूर्वक सोच्नुपर्छ। शान्ति सम्झौतामा हस्ताक्षर गरेको नाताले तत्कालीन नेकपा एमालेका नेताहरूले पनि यसलाई गम्भीरतापूर्वक लिनुपर्छ । नत्र सबै फस्ने अवस्था आउँछ ।

***यी मुद्दा टुङ्ग्याउने विषयमा तपाईंहरूबीच छलफल भएको छैन ?***

हाम्रो बीचबीचमा प्रचण्डजीसँग छलफल भइराखेको हो । यसको सही ढङ्गले हल गर्नुपर्छ भन्नेमा हामी पनि गम्भीर छौं । कतिपय कुराहरू त भएका छन् । तर अझै प्रयास गर्नुपर्छ भन्ने हो ।

***शान्ति सम्झौताको १२ वर्ष पुगिसक्दा पनि जनयुद्धका बेपत्ता, घाइते, सहिद परिवारहरूको अवस्था उस्तै छ। उनीहरूलाई के भन्नु हुन्छ तपाईं ?***

कुरा ठीक हो । तर, कस्तो पर्‍यो भने हामी सरकारमा भएनौं । संसदमा पनि छैनौं । वैधानिक ढङ्गले लड्ने बाटो हाम्रो छैन । त्यहाँ गएर ज्ञापन पत्र दिइएला ।

प्रचण्ड प्रधानमन्त्री हुँदा त भेटेकै हो । केपी ओलीजी पहिला प्रधानमन्त्री हुँदा पनि भेटेकै हो । कानुन नभएर सबै कुरा बिग्रियो भन्ने कुरा आयो । बाबुरामजी पनि प्रधानमन्त्री हुनुभयो । उहाँहरू आफै प्रधानमन्त्री हुँदा किन बनाउनु भएन कानुन ? यस्ता कुरामा उहाँहरूले गम्भीरतापूर्वक सोच्नुपर्ने हुन्छ । हामीबाट ससाना कुराहरू मात्रै हुन्छ । डेलिगेसन जाने, आन्दोलन गर्ने कुराहरू मात्रै हामीबाट हुन्छ । उहाँहरू सरकारमा भएको नाताले मेहनत गरेर जाने भूमिका मुख्य हुन्छ । अब हाम्रो हकमा, हामी जवाफदेही छैनौँ भनेर उम्किने कुरा आउँदैन । हामीले पनि मिहिनेत गर्नु पर्छ, हामी गर्छौं ।

***सत्यनिरूपण र बेपत्ता आयोगले काम सम्पन्न गर्न नसक्नुका पछाडि के समस्या होलान् ? तपाईंले कसरी बुझ्नुभएको छ ?***

यो ठ्याक्कै भन्न गाह्रो छ । कसैले खेलेको छ भनौँ भने पनि यो राजनीतिक दलको कुरा भयो । काम नगर्ने सत्यनिरूपण र बेपत्ता आयोग उहाँहरूले किन बनाउनुभयो ? त्यो बनाइसकेपछि त्यसलाई कानुनमा ढाल्न किन ध्यान दिनुभएन ? प्रचण्ड र बाबुरामजी दुवै प्रधानमन्त्री भइसकेपछि अरू कसलाई भन्ने ? यो संसदीय व्यवस्थाले प्रधानमन्त्रीलाई शक्तिशाली बनाएको हुन्छ । प्रधानमन्त्री भएको बेला प्रचण्ड र बाबुरामजीले किन गम्भीरतापूर्वक सोच्नु भएन ? एउटा त्यो हो ।

अर्को, अरू कसैले बाहिरबाट उकासे होलान् । तत्कालीन एमाले र काँग्रेसले यो समस्यालाई बल्झाउने हो भने उनीहरू पनि फस्ने कुरा आउँछ । नत्र किन सम्झौता गरेको हो त ? अन्ततः उहाँहरूलाई पनि हान्छ । उहाँहरूले सहमति गर्नुभयो तर कार्यान्वयन गर्ने बेला जिम्मेवारी बोध देखिएन । यसमा कतिपयको लापरवाही भयो । कतिपयको जिम्मेवारीबोध भएन । तर, अझै पनि यसको हल के हो भन्नेबारेमा उहाँहरूले गम्भीरतापूर्वक सोच्नुपर्छ । सबै नागरिकले सोच्नुपर्छ । होइन भने उहाँहरूले भनेजस्तो सङ्क्रमणकालको अन्त्य हुँदैन ।

आन्दोलनकारीले कस्ता उपाय अपनाउँदा 'रिजल्ट' आफ्नो पक्षमा आउँछ भनेर हेक्का राख्नुपर्थ्यो । संविधानसभाबाट गणतन्त्र ल्याउन त्यत्रो जनयुद्ध गर्नै पर्दैनथ्यो । हाम्रो उपलब्धि भनेको त गणतन्त्र, धर्मनिरपेक्षता, सङ्घीयता, समानुवेशी, समानुपातिक हो । यतिका लागि दश वर्ष जनयुद्ध लड्नै पर्दैनथ्यो । त्यसकारण यस्ता कुराहरूमा ध्यान दिनुपर्ने थियो ।

***तपाईंहरूले आरोप लगाउनुभएको थियो, शान्ति प्रक्रियामार्फत जनयुद्धको अवसान गराए प्रचण्डले भनेर । के साँच्चै प्रचण्डले जनयुद्धको अवसान नै गराएका थिए ? वा तपाईंहरूको एउटा राजनीतिक आरोप मात्रै हो यो ?***

तपाईंले आरोप भन्नुभयो, यो आरोप मात्र होइन । जनयुद्धको जुन उद्देश्य थियो, त्यो उद्देश्य पूरा नहुँदै अन्त्य गरेपछि त्यो गलत भएन त ? हामीले त्यो भनेको हो ।

***तर, प्रचण्डले त्यो समयमा, शान्ति प्रक्रियामा आउने सही निर्णय नलिएको भए माओवादी जनयुद्ध तुहिन्थ्यो भन्छन् नि केही मान्छेहरू ?***

यो कुरा जनयुद्ध लड्नुपूर्व नै सोच्नुपर्थ्यो । त्यसोभए जनयुद्ध किन गरेको भन्ने प्रश्न उठ्छ । जुनसुकै आन्दोलन गर्दा तलमाथि हुन्छ । त्यहाँ हारियो वा जितियो भन्नेजस्तो अवस्था थिएन । यसरी लडियो, जुन लडाइँ माओवादीले हारेको पनि होइन, जितेको पनि होइन । सरकारले पनि जितेको वा हारेको केही होइन । सरकारले युद्ध दबाउन सकेन, हामीले युध्द जित्न सकेनौं । हामी 'विन-विन पोजिसन'मा त आएको हो नि ।

आन्दोलनकारीले कस्ता उपाय अपनाउँदा 'रिजल्ट' आफ्नो पक्षमा आउँछ भनेर हेक्का राख्नुपर्थ्यो । संविधानसभाबाट गणतन्त्र ल्याउन त्यत्रो जनयुद्ध गर्नै पर्दैनथ्यो । हाम्रो उपलब्धि भनेको त गणतन्त्र, धर्मनिरपेक्षता, सङ्घीयता, समानुवेशी, समानुपातिक हो । यतिका लागि दश वर्ष जनयुद्ध लड्नै पर्दैनथ्यो । त्यसकारण यस्ता कुराहरूमा ध्यान दिनुपर्ने थियो ।

हामीले पनि युद्ध अनन्तकाल जाओस् भनेको होइन । खुन खरावा कम होस् भन्ने नै चाहेका थियौं । त्यसलाई सही तरिकाले हल गर्न सकियोस् भन्ने हाम्रो उद्देश्य थियो । एउटा वैचारिक ढङ्गले जुक्ति बुद्धि अपनाएर अगाडि बढ्न सक्थ्यौँ नि हामी ! तर साथीहरू हतारिनुभयो । त्यहाँबाट कुरा बिग्रेको हो । शान्ति सम्झौता गर्दा केन्द्रीय समितिको बैठक नै नबसी रिसइबी लिएर किन गर्नुभयो भन्ने हाम्रो कुरा हो । लड्ने बेला त हामी सबैले 'डिसिजन' गरेका थियौँ । छोड्ने बेला हामीले 'डिसिजन' गरेका हैनौं । त्यसकारण यी विषयमा बहस, विवाद छ । हामीले आरोप लगाएको होइन, वास्तविकता हो ।

***अन्त्यमा थप केही भन्नु छ ?***

पहिलो, जनयुद्धका सहिद, घाइते अपाङ्ग, बेपत्ता परिवारजनहरूले गरेको त्याग र बलिदानप्रति गर्व गर्नुपर्छ । देश र जनताको मुक्तिका निमित्त त्याग र बलिदानको आवश्यकता थियो । शान्ति सम्झौता भएर बाँकी मुद्दा नटुङ्गिदा सबै बिग्रियो भन्ने होइन । भावी राजनीतिक परिवर्तका लागि त्यही त्याग र बलिदानको जगमा उभिएर अगाडि बढ्छौँ हामी । उहाँहरूको बलिदानले केही परिवर्तन भयो । अब दुःख मान्ने होइन, गर्व गर्नुपर्छ ।

दोस्रो, शान्ति सम्झौता गरिसकेपछि राज्यले अभिभावकत्व लिनुपर्थ्यो । सहिद, बेपत्ता परिवारको सम्मान र उनीहरूका छोराछोरीको रेखदेख गर्नुपर्ने थियो । बेपत्ता साथीहरूको अवस्था पत्ता लगाउनुपर्ने छ । प्रचण्ड र यो सरकारले त्यसमा ध्यान दिनुपर्छ । यी काम सम्पन्न नहुँदासम्म हामी सङ्घर्षका कार्यक्रमलाई निरन्तरता दिन्छौँ ।

तेस्रो, सहिद, बेपत्ता र घाइते योद्धा साथै उहाँहरूको परिवारले पार्टीलाई सहयोग गर्नुभयो । उहाँहरूले अझै पनि रूपान्तरणको अभियानमा सहयोग पुर्‍याउँदै जानुपर्छ । त्याग र बलिदानको कुरा फर्केर आउँदैन । त्यसमा अब चित्त दुखाएर पनि हुँदैन । बलिदानको उच्च मूल्याङ्कन गरेर गौरवान्वित हुनुपर्छ ।

*(शान्तिसम्झौताको १२औं वर्ष पुगेको अवसरमा रातोपाटीका लागि बबिता शर्माले गरेको कुराकानीबाट साभार)*

# व्यक्तिले दर्ता गरेको १ रोपनी सार्वजनिक जग्गा अदालतले लखतिर्थ संरक्षण समितिको कायम गरायो

काठमाडौं । काठमाण्डौं महानगरपालिका वडा नं. १५, डल्लु चागलको नजिक विष्णुमति लिङ्करोड किनारमा रहेको कित्ता नं. ४६ को क्षेत्रफल १ रोपनी जग्गा लगायतका पाटी समेत स्व. गणेशलाल डंगोल महर्जनकी बुहारी आशालाल महर्जनकी श्रीमती का.म.न.पा. वडा नं. १८ बस्ने वर्ष ८० की कान्छी महर्जनले भूमाफियाहरूसंगको मिलेमतोमा स्वबासी भन्दै किर्ते नाममा दर्ता गरिएको उक्त जग्गा ०७५ मंसिर २ गते काठमाडौं पुनरावेदन अदालतबाट न्यायधिश दिवाकर भट्टको एकल इजलासले गरेको फैसला अनुसार लखतिर्थ सरोकार समितिको कायम भएको छ । बर्षैदेखि यसलाई पवित्र तिर्थस्थलको रूपमा स्थानीयबासीले प्रयोग गर्दै आएका थिए । यो स्थल नेपालको राष्ट्रिय संवत र राष्ट्रिय विभूति शंखधर साख्वाःको इतिहाससंग समेत सम्बन्धित रहेको छ । जहाँ हरेक वर्ष शंखधर साख्वाः दिवसको दिनमा नेपाल संवत नयाँ वर्ष समारोह समितिले यस तिर्थस्थलमा नियमित कायक्रम समेत गर्दै आइरहेको छ । यस तिर्थस्थलको उल्लेख स्वयम्भु पुराणमा केशमति र सुवर्णमतिको संगम स्थल लखतिर्थ भनी उल्लेख भएको पाइन्छ । स्थानीयका अनुसार यो काठमाडौंको महत्वपूर्ण १२ वटा तिर्थस्थलहरूमध्ये ६(छैठौ) स्थान ओगट्न सफल एक महत्वपूर्ण तिर्थस्थल हो । यस स्थलमा विभिन्न देवी देवताहरूको मूर्ति, चैत्य, पाटी, पौवा, मठ मन्दिर र थुप्रै शिलापत्रहरू समेत रहेका छन् । यस कान्तिपुर नगरमा कोही व्यक्ति दिवंगत हुँदा आफ्नो अनुकुलता अनुसार पायक पर्ने सबैजसोले यस तिर्थस्थलमा काजक्रिया गर्ने र क्रियापुत्री समेत बस्ने गर्दैआएका छन् ।

उक्त जग्गा २०७२ माघ २ गते लखतिर्थ सरोकार समिति निर्माण गरी मालपोत कार्यालयमा रोक्का गरिएको थियो । लखतिर्थ सरोकार समितिलाई विधिवत रूपमा लखतिर्थ संरक्षण समिति मा परिणत गरी २०७३ साल मंसिर २३ मा संस्थाको रूपमा दर्ता गरिएको छ । अदालतको आदेशपछि उक्त जग्गा अब लखतिर्थ संरक्षण समितिको कायम भएको छ ।

व्यक्तिले दर्ता गरेको उक्त जग्गा सार्वजनिक कायम गराउन का.म.न.पा. १५ वडाको विष्णुमति लखतिर्थ घाटको जग्गा भु-माफियाहरूद्वारा व्यक्तिगत नाममा दर्ता गरी ल्याउने कार्य विरुद्ध २०७२ माघ २ गते बसेको टोल भेलाबाट 'लखतिर्थ सरोकार समिति' गठन र तत्पश्चात् संस्थागत रूपमा विरोध अभियानको थालनी गरिएको थियो । समितिले पटक पटक विभिन्न निकायमा दवाब समेत दिँदै र सम्बन्धित निकायका ध्यानाकर्षण गराउँदै आएको थियो ।

## मौरीजन्य उत्पादन स्वास्थ्यका लागि रामबाण साबित

● धनमाया निरौला'अनु'

मौरी एक बहुउपयोगी जीव हो । प्रत्यक्ष वा परोक्ष रूपमा मानव सभ्यता तथा सिंगो प्रकृतिमा पनि मौरीले निकै महत्वपूर्ण भूमिका खेलेको हुन्छ । मौरीविना हामी प्रकृति र मानव समाजको कल्पना नै गर्न सक्दैनौं । यति महत्वपूर्ण जीव नेपालको ग्रामीण बस्तीमा यत्रतत्र पाइन्छ । तर यसको आवश्यकता र महत्वबोध नहुँदा व्यावसायिक तथा बहुउपयोगिताका हिसाबले संरक्षण र प्रबर्द्धन हुन सकेको छैन ।

सामान्यतः मौरी भन्ने वित्तिकै आम मान्छेहरूले 'मह' भनेर मात्रै बुझ्ने गर्दछन् । धेरै मानिसहरूलाई मौरीको बहुउपयोगिताबारे थाहा छैन । अझ मौरीका विभिन्न उत्पादनहरूबाट मानिसलाई लाग्ने सबै रोगको उपचार गर्न सकिन्छ भन्ने कुरा त अधिकांशलाई थाहा नै छैन । यो एउटा यस्तो जीव हो, जसले 'चिले पनि ठिक, निले पनि ठिक, दले पनि ठिक' हुन्छ ।

आजको युग वैज्ञानिक युग हो । यस युगमा मौरी र मौरीको उत्पादनबाट मानव स्वास्थ्यमा के कस्तो परिवर्तन ल्याउन सकिन्छ भन्ने विषयमा थुप्रै अध्ययन अनुसन्धानहरू भएका छन् । यसै सिलसिलामा नेपाली भूमिमै जन्मेर मौरीकै विषयमा अध्ययन अनुसन्धान गरी अन्तर्राष्ट्रिय स्तरमा समेत मौरी वैज्ञानिकको ख्याती कमाएका प्रो. डा. रत्न थापालाई नेपालीहरूले पाउनु एउटा गर्वको विषय हो । उहाँले अहिले नेपालमै बसेर एउटा कुइन श्रीकृत हनिबी साइन्स सेन्टर नै खोलेर मौरीको बहुउपयोगिताका बारेमा कक्षाहरू सञ्चालन गरिरहनु भएको छ । मौरी पालनदेखि मौरीजन्य उत्पादनहरूबाट सामान्य रुघाखोकीदेखि खतरनाक प्राणघातक रोगहरूको कसरी उपचार गर्न सकिन्छ भन्ने विषयमा उहाँबाट निकै महत्वपूर्ण ज्ञान हासिल गर्न सकिन्छ ।

हालसम्मको अध्ययन र अनुसन्धानबाट मौरीजन्य उत्पादनलाई खाद्यवस्तुकै रूपमा प्रयोग गरेर मानव स्वास्थ्यलाई ठिक पारिएका नेपाल र नेपालबाहिरका धेरै उदाहरणहरू छन् । सुगर, प्रेसर, थाइराइड, कोलेस्ट्रोल, बाथ, हृदयघात, हड्डी खिइएको, नसा च्यापिएको, अल्सर, क्यान्सर, प्यारालाइसिस, पाइल्स, पार्किसन्स आदि लगायत अन्यत्र कतै ठिक पार्न नसकिएका रोगहरू पनि मौरीजन्य उत्पादनहरूबाट निको पार्न सकिन्छ भन्ने प्रमाणित भएको छ । त्यसका लागि यसै विषयका विशेषज्ञहरूको सल्लाह अनुसार रोगीहरूले मौरी जन्य उत्पादनहरू १) रोयल जेली, २) डा.हनी, ३) पोलेन, ४) परपोलिस, ५) बि-ब्रेड आदिको सेवन गर्नुका साथसाथै हनी थेरापी गर्नुपर्ने हुन्छ । मानव स्वास्थ्यसँगै सौन्दर्यका लागि पनि मौरीजन्य उत्पादनहरू धेरै नै उपयोगी छन् । हनी फेसियलबाट अनुहारमा प्राकृतिक सौन्दर्यलाई जीवन्त बनाउन सकिन्छ ।

विश्वविख्यात अल्बर्ट आइन्स्टाइनले भनेका छन्, "प्रकृतिबाट मौरी लोप भएको चार वर्षमा मानव समाज नै लोप भएर जानेछ ।" 'नो बि, नो लाइफ' भन्ने विश्वका ६० देशका ३० जना वैज्ञानिकले लेखेको पुस्तकले उजागर गरेको छ कि मौरीविना प्रकृति र मानव समाजको कल्पना गर्न सकिन्न । यति महत्व बोकेको मौरीको संरक्षण र सम्बर्द्धनमा नेपालमा ध्यान दिएको देखिन्न । मौरी र मौरीजन्य उत्पादन र यसको बिक्री वितरणलाई मात्रै प्रवर्द्धन गर्ने हो भने पनि नेपालीहरूको स्वास्थ्य र समृद्धिमा एउटा ठूलै क्रान्ति ल्याउन सकिने यसका विज्ञ, विशेषज्ञ र वैज्ञानिकहरूको दावी छ ।

*(लेखिका क्वीन श्रीकृत हनिबी साइन्स सेन्टरमा अध्ययनरत हनी थेरापिस्ट हुन् ।)*

## वर्गसंघर्ष...

बोकाइएको छ । महंगी आकासिएको छ । जनता आफ्नै दैनिकी चलाउन नसक्ने स्थितिमा पुगेका छन् । शिक्षा र स्वास्थ्य क्षेत्र सामान्य मान्छेको पहुँचभन्दा अझ टाढिएको छ । हत्या, हिंसा, बलात्कारले सीमा नाघेको छ । चार महिना बित्न लाग्दा पनि सरकार निर्मला पन्तको हत्यारा पत्ता लगाउन सक्दैन । दिन दिनै असुरक्षा र आम अराजकताको स्थिति विकसित हुँदै गएको छ । पुनरुत्थानवादीहरू विस्तारै हावी हुँदै जान थालेका छन् । दुईतिहाई प्राप्त सरकारको निरिहताका कारण जनताले छोटो समयमै ओली नेतृत्वको सरकारको विकल्प खोज्न थालेका छन् । जनताको विरोध र आक्रोशको स्वर प्रभावशाली बन्दै गएको छ । यस स्थितिको ठोस विश्लेषण गर्दै क्रान्तिकारी माओवादीले ग्रामिण वर्गसंघर्ष र प्रतिरोध संघर्षको योजना निर्माणमा जुट्न लागेको हो ।

क्रान्तिकारी माओवादीले आफूलाई झापा विद्रोह र दशवर्षे जनयुद्धको सच्चा उत्तराधिकारी भएको दावी गर्दै आएको छ । र, त्यो विरासतलाई पछ्याउँदै नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोहको सामरिक कार्यदिशाको विकासमा पनि जोड दिँदै आएको छ । कम्युनिस्ट नाम बद्नाम गर्दै आएको वर्तमान ओली नेतृत्वको सरकारको नीति तथा कार्यक्रम विगतका सरकारको भन्दा फरक नदेखिनु र कतिपय हकमा कांग्रेस र राप्रपाको भन्दा अझ प्रतिगामी देखिनुले जनतामा अहिले निराशा चुलिँदै गएको छ । र, यो भित्र भित्रै विष्फोटक बन्दै गएको छ ।

क्रान्तिकारी माओवादीले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूमा सहमत हुने राजनीतिक पार्टी तथा व्यक्तिहरूसँग कार्यगत एकता गर्दै संघर्षलाई अझ व्यापक र सशक्त बनाउने गरी योजनाहरू निर्माण गर्ने पनि बताइएको छ भने उसले सच्चा कम्युनिस्ट क्रान्तिकारीहरूबीचको एकता र ध्रुवीकरणलाई पनि यस बैठक पश्चात अझ ठोस रूपमा अगाडि बढाउन पहल गर्ने पनि सम्बद्ध स्रोतको दावी छ ।

## नक्कली नक्सा...

सीमाभित्र पारेर कथित एपीजीले कुरा टुंग्याएपछि ओली सरकाबाट देशभर छ्याछ्याप्ती फिंजाइएका नक्कली नक्सा प्रयोगविरुद्ध अनुगमनको यो अभियान चलाइएको हो ।

संघीय आम निर्वाचन र त्यसपश्चात् बहुमतको सरकार गठनमा गर्न भारतीय मोदीको सरकारले पुर्‍याएको आर्थिक, नैतिक र भौतिक सहयोग बापत वर्तमान प्रम केपी ओलीले सन् १९५० देखि हालसम्मका सबै सन्धिसंझौताहरू कार्यान्वयन गरिने भनी वचन दिएर आएका थिए । अहिले ओली सरकार यिनै देश र जनताविरोधी सन्धिसंझौताहरू कार्यान्वयनको हर्कतमा लागेको छ । नेपालको साबिक क्षेत्रफल १,४७,१८१ वर्ग किलोमिटर भएकोमा हाल १,३७,१६२.३७ किलोमिटर देखाइएको छ ।

अनुगमनको क्रममा सबैभन्दा पहिले जिल्ला प्रशासन कार्यालय काठमाडौंमा पुगी देजमो तथा क्रान्तिकारी युवा लिगका जिल्ला अध्यक्षहरू खगेन्द्र छन्त्याल र असल तामाङले काठमाडौंका प्रमुख जिल्ला अधिकारीलाई संयुक्त रूपमा स्मरणपत्र हस्तान्तरण गरेका थिए । हस्तान्तरण गर्नुपूर्व खगेन्द्र छन्त्यालले उक्त स्मरणपत्र वाचन गरी सुनाएका थिए । त्यसपछि नेकपा (क्रान्तिकारी माओवादी) काठमाडौं जिल्लाका इञ्चार्ज सुरेश श्रेष्ठले नेपालको मदन पुरस्कार प्राप्त बुद्धिनारायण श्रेष्ठले तयार आधिकारिक नक्सा प्रमुख जिल्ला अधिकारीलाई हस्तान्तरण गरेका थिए ।

स्मरणपत्र हस्तान्तरण गर्नुपूर्व अध्यक्ष छन्तेलले देशको भूगोल गुम्न नदिन सबै उठी बस्नुपर्ने कुरामा जोड दिएका थिए । काठमाडौंका पार्टी इञ्चार्ज सुरेश श्रेष्ठले राष्ट्रियता, माटो र सार्वभौमसत्ता हामी सबैको साझा भएकाले जो जहाँ भएपनि एकजुट भएर सहकार्य गर्न अनुरोध गरेका थिए । स्मरणपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारीले कर्मचारीका तर्फबाट देशको माटोको रक्षा तथा सार्वभौमसत्ताको बचाउका लागि काम गरिइ नै रहेको स्मरण गराउँदै यो सबैको साझा चिन्ताको विषय भएको कुरामा जोड दिएका थिए । आइपरेमा आफूहरूको तर्फबाट कुनै पनि कमी नहुने कुरा पनि बताएका थिए ।

त्यसपछि अनुगमन टोली महानगरीय पहरी परिसर टेकुमा पुगेको थियो । स्मरणपत्र हस्तान्तरण गर्दै देजमो काठमाडौंका अध्यक्ष छन्तेल र युवा अध्यक्ष पाखिनले सुरक्षीहरूसँग आफूहरू मिलेर देश र सीमा बचाउको अभियानलाई साझा बनाएर लैजान अनुरोध गरेका थिए । काठमाडौंका पार्टी इञ्चार्ज सुरेश श्रेष्ठले जो जहाँ भए पनि माटो रहे हामी नेपाली रहने भएकाले सहकार्यको हात अघि बढाउन अनुरोध गरेका थिए । स्मरण पत्र बुझ्दै महानगरीय प्रहरी परिसर प्रमुखले देश सबैको साझा भएकाले यो चिन्ता पनि सबैको साझा नै भएको मन्तव्य दिएका थिए ।

त्यसपछि लगत्तै महानगरपालिकाको कार्यालय सुन्धारामा पुगेको टोलीले महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्यलाई स्मरण पत्र तथा नक्सा हस्तान्तरण गरेको थियो । स्मरण पत्र र नक्सा हस्तान्तरण गर्दै सहयोग तथा सहकार्यका लागि महानगरको निकै ठूलो भूमिका रहनसक्ने बताइएपछि त्यसलाई आफूहरूबाट कुनै पनि असयोग नहुने र सहकार्यका लागि सदासाथ रहने बताइएको थियो । मेयर शाक्यले नेपाल नै नरहे नेपालीहरू पनि नरहने भन्दै यो सबैको गम्भीर चासोको विषय भएको बताएका थिए ।

अनुगमनको क्रममा दिउँसो बानेश्वरस्थित नापी विभागमा पुगेको अनुगमन टोलीले आफ्नो स्मरण पत्र तथा नक्सा हस्तान्तरण गरेको थियो । सुरुमा बुझाइएको नक्सा लिन अलि हिच्किचाए पनि त्यसपछि नापी विभागका उपमहानिर्देशक प्रकाश जोशीले गलत नक्सा प्रयोगमा आएको थाह भएपछि नापी विभागले पनि सरकारी कार्यालयहरूमा अनुगमन गरिरहेको बताउँदै यो नेपालीहरूको साझा चिन्ताको विषय भएको बताएका थिए । उनले नापी विभागले गर्ने विविध कामहरूमध्ये एउटा टोपोग्राफिकल विभाग अन्तर्गत सीमाइलाकाको नक्शा पनि बनाउने र सीमा अनुमन तथा नाप पनि लिने कार्य पर्ने बताएका थिए । उनको आशय थियो विवादित सीमा इलाकाका लागि भिन्ने र अधिकारप्राप्त विभाग वा बोडी बनाए नेपालका लागि हित हुने थियो ।

त्यहाँबाट कोटेश्वर शान्ति नगरस्थित एनप्याब्सनको कार्यालयमा पुगेर एनप्याब्सनका कोषाध्यक्ष श्याम योञ्जनलाई भेटी स्मरणपत्र तथा नक्सा हस्तान्तरण गरिएको थियो । एनप्याब्सन अन्तर्गत देशभर रहेका शैक्षिक संस्थाहरूमा नेपालको नक्कली नक्सा हटाउन र सक्कली नक्सा राख्न सामुहिक पहल गरिदिनु अनुरोध समेत गरिएको थियो । कोषाध्यक्ष श्याम योञ्जनले आफूले र आफ्नो संस्थाले गर्नसक्ने सहयोग पूरै गर्ने भनी आश्वासन दिँदै देशको माटोको रक्षा गर्नु एक नागरिकको हैसियतले निकै महत्वपूर्ण रहेको बताएका थिए ।

त्यसपछि गोंगबुस्थित प्याब्सनको कार्यालयमा पुगेर प्याब्सनका बरिष्ठ उपाध्यक्ष राम केसीलाई स्मरणपत्र तथा नक्सा हस्तान्तरण गरिएको थियो । स्मरण पत्र तथा नक्सा हस्तान्तरण गर्दै सहकार्यका लागि यो संस्था अन्तर्गत देशभर रहेका शैक्षिक संस्थाहरूबाट नेपालका नक्कली नक्साहरू हटाउन सहयोगका लागि अनुरोध गरिएको थियो । प्याब्सनका वरिष्ठ उपाध्यक्ष केसीले देश नेपाल र नेपालीहरूको हो । देश बचेमात्र हामी बच्न सकेछौं भन्दै देशभर यो संस्था अन्तर्गत रहेका शैक्षिक निकायहरूमा नक्कली नक्सा प्रयोग नगर्न सामूहिक पहल पनि गरिने बताएका थिए ।

ताहाचलस्थित जिल्ला शिक्षा समन्वय इकाईमा पुगेर जिल्ला शिक्षा अधिकारीलाई भेटी जिल्लाभरका सामुदायिक शैक्षिक संस्थाहरूमा नेपालको नक्कली नक्सा हटाउन सहयोग गरिदिनुहुन अनुरोध गर्दै स्मरण पत्र र नक्सा हस्तान्तरण गरिएको थियो । नक्कली नक्सा प्रयोगको कुरा पहिल्यैदेखि आएको र आफूहरू पनि त्यसबारेमा सतर्क रहेकाले सरकारले टाँगनका लागि नक्सा नै नपठाएको प्रसंग जिल्ला शिक्षा अधिकारीले उप्काएका थिए । भित्तामा टाँगिएको नक्सा छ्वालीले बनाइएको भनेर देखाउँदै यो उपहारको रूपमा आएको कलात्मक नक्सा भएको बताएका थिए । चलिरहेको सक्कली नक्सा प्रयोगको अभियान सकारात्मक भएको बताउँदै उनले यसमा सबै नेपालीहरूको सहयोग रहने पनि बताएका थिए ।

## ऐतिहासिक...

रोल खेल्छ । त्यसैकारण मार्क्स एंगेल्सले उन्नत सिद्धान्त विचारको संगठित भूमिका र परिचालनलाई जोड दिएका छन् । सामाजिक सत्ताले उनीहरूको चेतनालाई निर्धारण गर्ने काम पहिलो हुँदाहुँदै पनि सामाजिक चेतनाले समाज विकासमा महत्वपूर्ण रोल खेल्छ । त्यसकारण का.लेनिनले क्रान्तिकारी सिद्धान्तविना क्रान्ति हुनै सक्तैन भन्नुभएको छ । सामाजिक चेतना प्रमुख भएको भए मानिसले आफ्नो विचार अनुसार समाजलाई बदल्न सक्थ्यो तर मानिसले त्यसो गर्न सक्दैन । मानिसको चेतनाले समाजको भौतिक अवस्थाको नियमलाई बुझेर समाज विकासको गतिलाई तीव्रता दिन वा ढिला गराउन सक्छ ।

**७. ऐतिहासिक भौतिकवादले मानव समाजलाई कसरी हेर्छ ?**

ऐतिहासिक भौतिकवादले मानव समाजलाई गतिशील रूपमा हेर्दछ । मानव समाज निरन्तर रूपमा परिवर्तन हुँदै आएको छ र भविष्यमा पनि परिवर्तन हुँदै जानेछ । त्यसैले मानव समाज, आदिम साम्यवादी समाज, दास समाज, सामन्ती समाज, पुँजीवादी समाज र समाजवादी समाजमा परिवर्तन हुँदै आएको छ । ऐतिहासिक भौतिकवाद अनुसार यो समाजमा हुने यो परिवर्तन समाजको भौतिक जीवनको परिस्थितिमा हुने परिवर्तनबाट सुरु हुन्छ ।

**८. समाजको भौतिक जीवन भनेको के हो ?**

समाजको भौतिक जीवनको परिस्थितिहरू भनेको त्यो समाजको भौगोलिक परिस्थिति, जनसंख्या र उत्पादन प्रणाली हो । भौगोलिक परिस्थिति समाज विकासको लागि एउटा अपरिहार्य र सँधै रहने अवस्था हो र यसले समाजको विकासमाथि प्रभाव पार्दछ । यसले समाज विकासको गतिलाई अघि बढाउँछ वा पछिल्तिर धकेल्दछ । तर पनि यसको प्रभाव निर्णायक होइन । भौगोलिक परिस्थितिमा कुनै महत्वपूर्ण परिवर्तन हुन दशौं लाख वर्ष लाग्छ भने मानव समाजको व्यवस्थामा परिवर्तन हुन केही सय वा एक दुई हजार वर्ष भए पुग्दछ । त्यसबाट के सिद्ध हुन्छ भने भौगोलिक परिस्थिति समाज विकासको मुख्य कारण बन्न सक्दैन ।

समाजको भौतिक जीवनको अवस्थाहरू भन्ने धारणामा जनसंख्याको वृद्धि र घनत्व पनि पर्दछ । जनसंख्याको वृद्धिले समाजको विकास माथि प्रभाव पार्दछ। त्यसले समाज विकासको गतिलाई अघि बढाउँछ वा पछिल्तिर धकेल्दछ । तर यो पनि समाज विकासको मुख्य शक्ति हुन सक्दैन । जनसंख्याको वृद्धि समाज विकासको निर्णायक शक्ति हुने भएको भए जनसंख्याको बढी घनत्व भएको ठाउँमा पहिले उच्चस्तरको सामाजिक व्यवस्था आउँथ्यो । अमेरिकाको भन्दा चीनको जनसंख्या बढि थियो । तर अमेरिकामा पुँजीवादको व्यवस्था आइसक्दा पनि चीनमा अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्था थियो । त्यसकारण जनसंख्याको वृद्धि र घनत्व समाज परिवर्तनको मुख्य कारण बन्न सक्दैन । त्यसो भए समाजको विकासमा मुख्य भूमिका खेल्ने भौतिक कारण के हो त ? ऐतिहासिक भौतिकवादले समाज विकासको मुख्य कारण उत्पादन प्रणालीको विकासलाई मान्दछ ।

**९. उत्पादन प्रणाली भनेको के हो ?**

उत्पादन प्रणाली भनेको मानिसहरू बाँच्नको लागि चाहिने आवश्यक भौतिक चीज पैदा गर्ने तरिका हो । मानिसहरूलाई बाँच्नको लागि खाना, कपडा, जुत्ता, घर आदि चाहिन्छ । यी चिजहरू मानिसले बनी बनाऊँ पाउँदैनन् । उनीहरूले यी भौतिक वस्तुहरूको उत्पादन गर्नुपर्दछ । उत्पादन गर्नका लागि उत्पादनका औजारहरू हुनुपर्दछ । मानिसहरूले औजारहरूको प्रयोग गरेर नै आफूलाई चाहिने भौतिक वस्तु उत्पादन गर्दछन् । मानिसहरूले औजारहरूको प्रयोग मात्र गर्दैनन् त्यसको निरन्तर सुधार र विकास गर्दै जान्छन् । उत्पादक शक्तिहरू जस्तो खालका हुन्छन्, उत्पादन सम्बन्ध पनि उस्तै खालको हुनुपर्दछ । यसको अर्थ पुरानो उत्पादन सम्बन्धबाट नयाँ उत्पादन सम्बन्धमा सङ्क्रमण शान्तिपूर्ण ढङ्गबाट विना सङ्घर्षले, विना उथलपुथलले, हुन्छ भन्ने होइन । त्यसको उल्टो सामान्यतः पुरानो उत्पादन सम्बन्धलाई क्रान्तिकारी ढङ्गबाट खत्तम पारेर नयाँ उत्पादन सम्बन्धको स्थापनाद्वारा यस्तो सङ्क्रमण हुन्छ । पुरानो उत्पादन सम्बन्धको गर्भबाट नयाँ उत्पादन सम्बन्धको जन्म हुन्छ ।

**१०. उत्पादन प्रणालीको विकास कसरी हुन्छ ?**

मानिसहरू आफ्नो आवश्यकतालाई सजिलै पूर्ति गर्नका लागि उत्पादन प्रणालीको विकास गर्दछन् । यसरी उत्पादन प्रणालीको निरन्तर रूपमा विकास हुँदै जान्छ र सो विकासको आधारमा र त्यसको अनुरूप मानिसहरूको उत्पादन सम्बन्ध, उनीहरूको आर्थिक सम्बन्धमा परिवर्तन हुन्छ । तर यसको अर्थ उत्पादन सम्बन्धले उत्पादक शक्तिहरूको विकास माथि प्रभाव पार्दैन र उत्पादक शक्तिहरू उत्पादन सम्बन्धमाथि निर्भर छैनन् भन्ने होइन । उत्पादन सम्बन्धको विकास उत्पादक शक्तिको विकास माथि अवश्य निर्भर रहन्छ तर उत्पादन सम्बन्धले उत्पादक शक्तिहरूको विकासको गति माथि पनि प्रभाव पार्दछ । त्यसले उत्पादक शक्तिको गतिलाई तीव्र पार्न वा ढिलासुस्ती पार्नमा भूमिका खेल्दछ ।

**११. उत्पादन प्रणालीमा के के हुन्छ ?**

उत्पादन प्रणालीमा उत्पादक शक्ति र उत्पादन सम्बन्ध हुन्छ । यी दुई पक्षहरूमध्ये उत्पादक शक्तिको विकास छिटोछिटो हुन्छ । उत्पादक शक्तिमा भएको परिवर्तनले उत्पादन सम्बन्धलाई पनि आफ्नो अनुकुल परिवर्तन गर्दै जाँदा सम्पूर्ण उत्पादन प्रणाली नै परिवर्तन हुन्छ र त्यसरी उत्पादन प्रणालीको परिवर्तन (विकास) को साथसाथै सम्पूर्ण समाजको परिवर्तन (विकास) हुन्छ ।

**१२. उत्पादक शक्ति भनेको के हो ?**

उत्पादनको साधन र त्यसमा लाग्ने श्रम (जनशक्ति) लाई उत्पादक शक्ति भनिन्छ । उत्पादक शक्ति उत्पादन प्रणालीको एउटा पहलु मात्र हो । यसले केवल मानिस र प्राकृतिक वस्तु र शक्तिको सम्बन्ध प्रकट गर्दछ । मेहनतकस् जनता उत्पादक शक्तिको मुख्य तत्व हो ।

**१३. उत्पादनको साधन भनेको के हो ?**

श्रमको वस्तु र श्रमको साधनलाई उत्पादनको साधन भनिन्छ । जग्गा जमिन, खानी, कच्चा पदार्थ, कारखाना र अन्य औजारहरू उत्पादनका साधन हुन् ।

**१४. श्रमको वस्तु भनेको हो ?**

श्रमको वस्तु त्यो चिज हो, जसमा मानव श्रम लगाइन्छ । अर्थात् मानिसले उत्पादनको औजारको सहायताले जुन वस्तुमा श्रम लगाएर मानिसलाई चाहिने वस्तु तयार पार्दछ त्यसलाई उत्पादनको वस्तु भनिन्छ । जस्तै जग्गा जमिन, खानी, कच्चा पदार्थ आदि ।

**१५. श्रमको साधन (उत्पादनको औजार) भनेको के हो ?**

श्रम गर्दा जुन हतियारको सहायता लिइन्छ, त्यसलाई श्रमको साधन (उत्पादनको औजार) भनिन्छ । जस्तै, हलो, कोदालो, ट्याक्टर, मेसिनहरू आदि ।

**१६. श्रम भनेको के हो ?**

उत्पादनको वस्तु र उत्पादनको औजारबाट मानिसलाई चाहिने आवश्यक वस्तु स्वतः तयार हुँदैनन् । त्यसमा मानिसले मेहनत लगाउनु पर्दछ । मानिसले लगाउने त्यही मेहनतलाई श्रम भनिन्छ । उत्पादक शक्तिको विकासमा श्रमको मुख्य भूमिका हुन्छ । आज प्रविधि मुख्य हो भन्ने विचारहरू पनि आइरहेका छन् । यो विचार मार्क्सवादी सोचाइसँग मेल नखाने विचार हो ।

**७. उत्पादन सम्बन्ध भनेको के हो ?**

उत्पादन, वितरण, विनिमय र उपभोगको प्रक्रियामा मानिसहरूको बीचमा हुने सम्बन्ध उत्पादन सम्बन्ध हो । उत्पादन सम्बन्ध स्वामित्वको रूपमा आधारित हुन्छ । सम्पत्तिमा सामाजिक स्वामित्व भएमा शोषण मुक्त समाज हुन्छ र सम्पत्तिमा निजि स्वामित्व भएमा शोषणयुक्त समाज हुन्छ । वितरणको रूप पनि उत्पादनको साधनको स्वामित्वको रूपमा निर्धारण गर्दछन् । निजी स्वामित्व हुँदा असमान रूपमा वितरण हुन्छ । सामुहिक स्वामित्व हुँदा काम अनुसार वा आवश्यकता वितरण हुन्छ ।

**उत्पादन प्रणालीलाई यसरी पनि प्रस्तुत गर्न सकिन्छ :**

१) **उत्पादक शक्ति** उत्पादन सम्बन्ध . उत्पादन प्रणाली

२) **उत्पादनको साधन** श्रम (जनशक्ति) . उत्पादक शक्ति

३) **उत्पादनको औजार** उत्पादनको वस्तु . उत्पादनको साधन

१८. उत्पादक शक्तिहरूको विकासले नै समाज विकासमा महत्वपूर्ण रोल खेल्छ भन्ने कुरा माथि भनि सकियो । अब प्राचीनकालदेखि अहिलेसम्म उत्पादक शक्तिहरूको विकास र त्यस अनुरूप इतिहासमा देखापरेको उत्पादन सम्बन्धको पाँच मुख्य रूपहरू यी हुन् : आदिम साम्यवादी समाज, दास समाज, सामन्ती समाज, पुँजीवादी समाज र समाजवादी समाज ।

# मणिपुरमा गिरफ्तार विद्यार्थीहरू विनाशर्त रिहाइको माग



काठमाडौं । भारतको पश्चिम मणिपुर जिल्लाको गोल्टोर इलाकाबाट चारजना आन्दोलनकर्मीहरूलाई गिरफ्तार गरी हिरासतमा लिइएको बारेमा ... विद्यार्थी संगठनहरूले विरोध जनाउँदै उनीहरूको विना ढिलाई र विनाशर्त रिहाइको माग गरिएको छ। चारजना मध्ये दुई जना तिपु सुल्तान र अर्कदीप गोस्वामी युनाइटेड स्टुडन्ट डेमोक्र्याटिक फ्रन्ट कलकत्ताका विद्यार्थीहरू हुन् ।

नोभम्बबर १२ मा गिरफ्तार गरिएका उनीहरूलाई गिरुपतार गरिएको दुईदिनपछिमात्र नोभम्बर १४ मा अदालतमा उपस्थित गराइएको थियो । हिरासतमा रहँदा उनीहरूलाई नराम्रो गरी पिटिएको छ, र मुखमा ठूलाठूला चोटपटक लागेको पाइएको छ ।

उनीहरूलाई हाल भारतीय दण्डसंहिता भाग १२१ को १२१ 'ए' र १२० 'बी' अनुसार राज्य विरुद्धको विद्रोह, राज्य विरोधी षड्यन्त्र गरेको आरोपमा २२०/१८ केस नं. १३.११.१८ लगएर मुद्दा चलाइएको छ । उनीहरूलाई १२४ 'ए' १४९ अन्तर्गत शान्तिसुरक्षामा खलल पुर्याएको भन्दै सांगठनिक अपराध अन्तर्गत् मुद्दा दायर गरिएको छ । १४९ को सांगठनिक अपराध अन्तर्गत उनीहरू जोडिएका संगठनहरूका सबैलाई उक्त मुद्दा लगाइने गरी थुनामा राखिएको छ ।

युनाइटेड स्टुडन्ट डेमोक्र्याटिक फ्रन्टले वास्तविकता सार्वजनिक गर्दै भनेको छ- मणिपुरको जंगलमहलमा ७ जना भोकमरीले मारिएपछि उकत कुराको अनुसन्धानका लागि त विद्यार्थीहरू त्यहाँ पठाइएका थिए । पश्चिम बंगालअन्तर्गत पर्ने यो इलाकामा उनीहरूलाई माओवादीको आरोपमा गिरफ्तार गरिएको छ ।

देशभरका साथै अन्तर्राष्ट्रिय विद्यार्थी संगठनहरूले यसको कडा निन्दा तथा भर्त्सना गर्दै भारतीय सरकारले माओवादीको नाममा गिरफ्तार गरेका विद्यार्थीहरूलाई नक्कली र झुट्ठा मुद्दा नलगाएर विनाशर्त र विलम्बविना रिहाइ गरोस् भनी माग गरेका छन् ।

रिहाइको माग गर्नेहरूमा सोसलिस्ट विद्यार्थी युनियन मणिपुरका महासचिव भूषण लंजाम, दिल्लीस्थित मणिपुर स्टुडन्ट्स अशोसियसनका महासचिव के. जावेद मेहेदी, चैतन्य महिला संगमकी प्रशन्ना, आघर म्यागेजिनका आजमल खान, एआईआरएस्ओका अक्षय, अम्बेडकर भगतसिंह स्टडी सेन्टरका रोहन, स्टुडेन्टस् अपराइजिङ मुभमेन्ट फोर सोसल वेलफेयर, तमिलनाडुका दिनेश, स्टुडन्ट युथ कोअर्डिनेशन अगेन्स्ट पुलिस ब्रुटालिटी केरलाका श्रीकान्था, र्‍याडिकल स्टुडेन्ट्स फोरुम केरला, अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) का कार्यालय सचिव शिलु न्यौपाने, छात्र जनमञ्च बांगलादेशका सइद विलास, नेश्नल कमिटी रिभोल्युशनरी स्टुडन्टस्युथ मुभमेन्ट बांगलादेशका अतिफ अनिक र फिलिपिनो विद्यार्थी लिगका राष्ट्रिय प्रवक्ता कारा लेनिना टागाओ रहेक छन् ।

# जलवायु परिवर्तनको असर सबैभन्दा बढी अमेरिकामा

काठमाडौं । जलवायु परिवर्तन केवल नाटक हो। यो डेमोक्र्याटहरूको देखाइ खाने भाँडो मात्र हो भन्ने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प अहिले जलवायु परिवर्तनका असरहरू असामान्य रूपमा देखा पर्न थाले आश्चर्यमा परेको बताइएको छ। उनी विश्वमा हातहतियार तथा बिस्फोटक पदार्थसम्बन्धि सन्धि, अभिसन्धिबाट पछि हटेर काम गरिरहेको अवस्थामा छन्। तर उनकै आँखा अगाडि भयंकर आगलागी हुने, समुद्री तटहरू डुबानमा पर्ने, ज्वारभाटा अनियमित रूपमा चल्ने र सामान्य अवस्थामा पनि हुरी आउने र सुनामी चल्ने गर्दा जलवायु परिवर्तनको असामान्य उलटफेर अमेरिकी जनताले महसुस गर्ने गरिरहेका छन् ।

यसबाट टम्पमा ठूलो आन्तरिक तथा मनोवैज्ञानिक दबाब सिर्जना भएको छ । जलवायु परिवर्तन सम्बन्धि प्यारिस संझौताबाट पछि हटेका ट्रम्प निकै असामञ्जस्यतामा फसेका छन्। अमेरिकामा परिकल्पना नगरिएका रोगब्याधीहरूको विकास, तिनको प्रतिरोधी क्षमता र नयाँ खालको आक्रमणका कारण आजसम्म स्वास्थ्य विज्ञानले विकास गरेका औषधि, यन्त्र र प्रविधि तथा उपचारको प्रक्रियाले धान्न सक्ने अवस्था छैन ।

त्यसैगरी मानिसको शरीरमा पनि रोग प्रतिरोधी क्षमताको ह्रास हुँदै जानु, औषधिको अत्यधिक सेवनले शरीर प्रयोगशाला जस्तो बन्दै जानु र संसारम रहेका प्राणीहरूमध्ये सबैभन्दा कमजोर प्राणीका रूपमा रहनुले जलवायु परिवर्तनको असर सबैभन्दा बढी मानिसमा परेको छ ।



स्वास्थ्य वैज्ञानिकका अनुसार यो असर संसारमा सबैभन्दा बढी अमेरिकामा रहेको बताएका छन् । प्रकृति र प्राकृतिक वातावरणभन्दा धेरै टाढा रहेर मानव निर्मित अनुकुलनमा अमेरिकाकै मानिसहरू बाँचिरहेका छन् । यिनीहरू कुनै पनि समयमा आधा घण्टा जाति पनि प्रकृतिसँग हेलमेल हुने समय पाइरहेका छैनन्। कृत्रिम वातावरणले त यतिसम्म पनि छोपिसकेको छ कि प्राकृतिक वातावरणको क्षणभरको सम्पर्कमा आउँदा पनि उनीहरू रमाउन सक्तैनन् । उनीहरू प्राकृतिक वातावरणमा रोगले संक्रमित हुने र विरामी हुने समेत् गर्दछन् ।

# साफ गेम नेपालमा

काठमाडौं । श्रीलंकाले यही पौष महिनाको २ गतेबाट हुने भनिएको साफ गेम आफूहरूले व्यवस्थापन गर्न नसक्ने भनी जवाफ दिएपछि उक्त गेम नेपालमा हुने भएको बताइएको छ। उक्त कुरा अखिल नेपाल फुटबल संघले जनाएको हो।

यो गेम काठमाडौंभित्र गर्न नसकिने भएकाले काठमाडौं बाहिर गर्न सकिने र त्यसका लागि तयारीमा लाग्ने पनि जनाएको छ। तर कुनकुन ठाउँमा गेमहरू गरिने छ भनेर खुलाइएको भने छैन ।

# आर्मस्ट्रङसँग जोडिएका आश्चर्य



निल आर्मस्ट्रङले चन्द्रमामा पहिलो पाइला टेक्ने बित्तिकै भनेका थिए- 'चन्द्रमामा टेकेको यो सानो पाइला मानव जातिका लागि एक ठूलो कदम हुनसक्छ ।' यति ठूलो आशा राख्ने उनी कसरी चन्द्रमामा पुगेका थिए । यसबारेका केही आश्चर्यहरू यहाँ उलेख गरिने छ :

चन्द्रमामा जाँदा आर्मस्ट्रङले एउटा काठको टुक्रा लगेका थिए। यो काठको टुक्रा राइट ब्रदर्सको जहाजमा फिट गरिएको थियो। यो सन् १९०३ मा राइट ब्रदर्स सफल उडानको बखतको थियो । आर्मस्ट्रङ चन्द्रमामा पुग्नु भन्दा ६६ वर्ष अघिको ।

आर्मस्ट्रङ त्यहाँ पुग्न असफल हुने बित्तिकै वाचन गर्नका लागि भनेर तात्कालिन राष्ट्रपति निक्सन प्रेस रिलिज हातमा समाएर बसेका थिए। यसको सफलताको निश्चितता थिएन। तर त्यो प्रेस रिलिज आजसम्म पनि वाचन गरिएको छैन ।

चन्द्रमाको सतहमा आर्मस्टङले कबि एक दिन नै बिताए । यो निकै उत्सुकता र सफलताको चरम सन्तुष्टिको अवसर थियो। उनले २१ घण्टा ३६ मिनेटसम्म त्यहाँ बिताएका थिए ।

पृथ्वीमा झर्ने बित्तिकै उनीहरूलाई २१ दिनसम्म उनीहरूलाई क्वारेन्टाइनमा राख्नु परेको थियो । यसको कारण अरु केही नभएर चन्द्रमाबाट आउँदा केही जिवाणु, विषाणु वा रोग आएको छ कि भनेर हो । चन्द्रमाको सतहमा रोग कीरा वा अन्य विषाणु केही छ वा छैन भनेर कोही पनि जानकार थिएन । जाँचपडताल पछि पत्ता लाग्यो कि चन्द्रमामा त्यस्ता जीवहरू केही पनि थिएनन् ।

आर्मस्ट्रङले धेरै त्यस्ता रेकर्डहरू चन्द्रमाको सतहमा छाडेका थिए। ती रेकर्डहरू विभिन्न भाषामा राखिएका थिए । यी रेकर्डहरू त्यहाँ केही चल वस्तु वा जीवको उपस्थिति भएमा थाह पाउनका लागि राखिएका थिए। त्यहाँ मानिसका थुप्रै फोटोहरू पनि राखिएका थिए। ताकि यदि चन्द्रमामा मानिसहरू भए पृथ्वीका मानिसहरूको खोजी गरुन् ।

यात्रुले पृथ्वीमा फर्कदा धुलोका कणहरू र चट्टानका टुक्राहरू लिएर आएका थिए । उनी पृथ्वीमा फर्कदा चन्द्रमा लाई साक्षी राखेर 'चन्द्रमाको ढुंगा र चन्द्रमाको धूलोको नमूना' लिएर गएका छौं भनेका थिए ।

चन्द्रमामा उत्रँदा इन्धन सकिन केवल २५ सेकेण्ड मात्र बाकी रहँदा उत्रिएका थिए। उत्रने ठाउँमा ठूलाठूला जुर ढुंगाा देखेपछि यसलाई छल्नका लागि केही समय चाहिएको थियो । यही समयाभावका कारण कसो दुर्घटना पनि निम्तिएको थियो । यो दुर्घटना भनेको चन्द्रमाको अवतरण रद्द गरी पृथ्वीमा फर्कनु पर्ने थियो। तर अवतरण गर्न मात्र केही सेकेण्डको समय पाए ।

आर्मस्ट्रङले चन्द्रमामा उत्रदाँ साँच्चै कुन शब्द प्रयोग गरेका थिए, त्यो विवादित छ । 'चन्द्रमामा टेकेको यो सानो पाइला मानव जातिका लागि एक ठूलो कदम हुनसक्छ ।' भन्ने भनाइ जहाँ पनि प्रचलनमा छ । अनि जसले पनि यसको उच्चारण गरेको पाइन्छ र आर्मस्ट्रङले भन्नु अघि प्रयोग गरिएको पनि पाइएको छ ।

चन्द्रमामा भएको अवतरण पूर्व योजनअनुसार ६०० मिलियन मानिसहरूले हेरेका थिए । त्यस दिन टेलिभिजन हेर्ने, रेडियो सुन्ने र पत्रपत्रिकाहरू पढ्नेको निकै भीड थियो। यसको कभरेज मेडियामा लामो समयसम्म भएको थियो । ५३ मिलियन परिवारले यो दृश्य प्रत्यक्ष हेरेका थिए ।

# नेपालको श्रम संझौता र 'कोलम्बो प्रोसेस'




काठमाडौं । ओली सरकारले नेपाली युवा शक्तिलाई विदेश पठाउनका लागि खाडी देशहरू लगायत कम्तिमा १२ वटा देशहरूसँग तत्कार श्रम संझौता गर्नका लागि गृहकार्य गरिहेको जनाएको छ । भर्खरै मात्र मलेसियासँग संझौता टुंग्याएको नेपालको श्रम मन्त्रालयले खाडीका अरु देशहरूसँग पनि यही अपेक्षाका हातहरू अघि बढाउन थालेको छ ।

दलालहरू तथा म्यानपावरहरूको जगजगी रहेको अवस्थालाई अन्त्य गर्दै सरकारले नै उक्त जिम्मा लिने गरी गरिएको यो निर्णयको जनस्तरमा तारिफ गरिएको छ भने म्यानपावर कम्पनीहरूले निकै ठूलो विरोध पनि गरेका छन् । यी कम्पनीहरू सरकारले के गर्दो रहेछ, पाँचसात महिनापछि हामीलाई हात जोड्न आउने छ भन्ने पनि उनीहरूको पूर्व आँकलनसमेत् रहेको छ। तर सरकारले मानव तस्करीको धन्दा चौपट भएपछिको म्यानपावरहरूको रुवाबासी मात्र भएको बताएको छ ।

यी सबै संझौतालाई कोलम्बो प्रोसेस अन्तर्गत लगिन लागेको पनि बताइएको छ। यसले समुद्रपार रोजगारका लागि क्षेत्रीय सुझाव प्रक्रियाका रूपमा सन् २००३ मा श्रीलंकाको कोलम्बोमा तय गरिएका निश्चित मापदण्डहरू तय गरेको छ। यो मन्त्रीस्तरीय बसाइ थियो। यसमा एकअर्का देशका अनुभवहरू आदानप्रदान, श्रमका लागि श्रमशक्ति पठाउने र मगाउने देश बीचको समझदारी, कामको प्रकृति, तलव, काम घण्टा, जोखिम, सेवासुविधा आदिका बारेमा विस्तृत र लिखित छलफल गरिएको छ ।

यसमा दक्षता, योग्यता, वाणिज्य दूतावासको सहयोग, रेमिटेन्स पठाउँदा हुने छूट, रोजगारदाताको कर्तव्य, सम्बन्धित देशको सरकारको जिम्मेवारी आदिबारे विस्तृत उल्लेख गरिएको छ। यसका साथै रोजगारीमा जान र लान सकिने, रोजगारीका गएका कामदारहरूको अधिकार, उनीहरूको तलवमान वृद्धि, पुरुष तथा महिला कामदारको स्तरोन्नति तथा विकास, उनीहरूको शारीरिक स्वस्थता आदिका बारेमा उल्लेख गरिएको छ ।

कोलम्बो प्रोसेसमा १२ वटा देशहरूले भाग लिएका थिए। यसमा अफ्गानिस्तान, बांगलादेश, कोलम्बिया, चीन, भारत, नेपाल, इन्डोनेसिया, पाकिस्तान, फिलिपिन्स, श्रीलंका, थाइल्याण्ड, भियतनाम आदि रहेका थिए ।

श्रीलंका, बांगलदेश, फिलिपिन्स, इन्डोनेशिया आदि अध्यक्षता गरिसकेका देशहरूमा पर्दछन् भने नेपाल हाल यसको अध्यक्षता गर्ने देशमा पर्दछ। यसका पर्यवेक्षक देशहरूमा अष्ट्रेलिया, बहराइन, इट्ली, कुवेत, मलेसिया, कतार, दक्षिण कोरिया, साउदी अरेबिया, स्वीटजर ल्याण्ड, युनाइटेड अरब इमिरेट्स, बेलायत, आयरल्याण्ड, संयुक्त राज्य अमेरिका आदि रहेका छन्

यसका अब्जर्भर संस्थाहरूमा एशियाली विकास वैंक, आशियान, खाडी मुलुकहरूको जीसीसी, युरोपियन कमिसन, आईएलओ, आईसीआरसी, सार्क, युएनएड्स, युएनडीपी, युएनउमन, विश्व वैंक, विश्व वैंक आदि रहेका छन् ।

# उत्तर मार्क्सवाद : मार्क्सवादको भ्रष्टीकरण



प्रा.डा.ताराकान्त पाण्डेय

**नवमार्क्सवाद**

*फ्रैङ्कफर्ट स्कूल*

जर्मनको फ्रैङ्कफर्ट विश्वविद्यालयमा सन् १९२३ मा जर्मन प्राज्ञ फेलिक्स वेलका नेतृत्वमा स्थापित भएको फ्र्याङ्कफर्ट स्कुल वा एउटा सम्प्रदाय (एक अनुसन्धान संस्थान) नवमार्क्सवादको जेठो धारा हो। १९२३ -१९३३ बीच यो खास सक्रिय रहयो।

यसका अन्य प्रमुख चिन्तकहरूमा म्याक्स होर्खेइमर, थियोडोर अडोर्नो, हर्बट मार्क्युज, लियो लावेन्थल, हाबरमास आदि हुन्।

यसले मार्क्सवाद, समाजशास्त्र, दर्शन, संस्कृति आदि विषयलाई अध्ययनको क्षेत्र बनाएको छ तर तिनलाई विकृत तुल्याएको छ। यसले खास गरी मार्क्सवादलाई आलोचनात्मक दर्शनका रूपमा विकसित गर्ने र मार्क्सवादका छ

मूलभूत प्रस्थापनाप्रति पनि आलचोनात्मक भई त्यसलाई रुढिको संज्ञा दिए मार्क्सवादको विकल्पका रूपमा नवमार्क्सवादको विकास गर्न खोजेको छ। यसलाई नववामपंथ (न्यु लेफ्ट) पनि भनिन्छ।

यसले वैचारिक रूपमा बोकेको मान्यता भनेका आलोचनात्मक सिद्धान्त, निषेधात्मक द्वन्द्ववाद, शून्यवाद, आदर्श संसार (युटोपिया) को अवधारणा, अनि मार्क्सवाद र पुँजीवाद दुवैको विरोध हो।

निषेधात्मक द्वन्द्ववादबारे अडोर्नो भन्छन् : "निषेधात्मक द्वन्द्ववादमा सारतत्व र परिघटनाको, अवधारणा र वस्तुको रूपान्तरण हुँदैन" । अर्थात् यी विपरीत पक्षहरू एकअर्कामा रूपान्तरित हुँदैनन्। आत्म र वस्तुबारे अडोर्नो भन्छन् : "आत्म र वस्तुका बीचको भिन्नतालाई सजिलै निषेध गर्न सकिँदैन। ती न अन्तिम रूपमा द्वैत न त अन्तिम रूपमा एकरूप हुन्छन्। ती एकअर्काबाट अलग्गिन्छन्" । यिनका बिच द्वन्द्वात्मक एकत्व कायम हुने कुरा उनी स्विकार्दैनन्। मार्क्सवादमा वाद, विवाद र संवाद हुन्छ र नयाँ तत्व जन्मिन्छ। यसमा दुवैलाई ध्वस्त बनाइन्छ। अर्थात् एकअर्काको निषेध हुन्छ, संवाद वा रूपान्तरण हुँदैन।

राजनीतिक रूपमा यसले पुँजीपति र सर्वहारा दुवैको अधिनायकत्वको विरोध गर्दछ। पुँजीवाद र सोभियत समाज(वाद) दुवै अस्वीकार्य छ, र उनीहरू विकल्पका रूपमा युटोपियन समाजको परिकल्पना गर्छन्।

यसले परम्परागत पुँजीवादी (आधुनिक) ज्ञानपरम्परा र शास्त्रीय मार्क्सवाद दुवैको विरोध गर्दछ। सारमा मार्क्सवादलाई जडसूत्रवादी ९ecतजयमयह० ठान्ने चेतना र यसको आर्थिक ढाँचासम्बन्धी दृष्टिकोणको आलोचना गर्दै यसलाई आर्थिक सङ्कुचनवाद/नियततत्ववाद/ निर्धारणवादको आरोप लगाउँदै मार्क्सवादलाई सङ्कटग्रस्त बताउँछ।

संरचनात्मक मार्क्सवाद (लुइ आल्थुसर), उत्पत्तिमूलक संरचनावाद (लुसिएँ गोल्डमान), सांस्कृतिक भौतिकवाद (रेमन्ड विलियम्स) नव मार्क्सवाद (संशोधनवाद) को खास पारिभाषिक र सम्प्रदायगत विकासचाहिँ अक्टोबर क्रान्तिपछि अर्थात् बिसौं शताब्दीको तिसको दशकबाट भएको हो (बराल, पृ.४४)। यो नव मार्क्सवाद पनि भूगोलका दृष्टिले विभिन्न ठाउँमा विभिन्न नाउँले देखापरेको छ।


नव मार्क्सवादका विकासमा फ्रान्सेली चिन्तक लुइ आल्थुसरको संरचनात्मक मार्क्सवाद पनि उल्लेखनीय छ। आल्थुसरको नव मार्क्सवादको मुख्य विशेषता भनेको एकातिर मार्क्सवादमा संरचनावादलाई मिसाउनु हो भने अर्कातिर मुख्य रूपमा आर्थिक आधार र अधिरचनाको सम्बन्धसम्बन्धी मार्क्सवादी मूल अवधारणालाई अस्वीकार गर्नु हो। यिनी सामाजिक परिवर्तनमा आधारको प्राथमिक भूमिका रहने मार्क्सवादी मान्यतालाई अस्वीकार गर्छन् र अधिरचनालाई जोड दिन्छन्।

यसपछि इटालेली मार्क्सवादी चिन्तक ग्राम्ची (ग्राम्सी)को नाउँ पनि नव मार्क्सवादसित जोडिन्छ। यद्यपि उनलाई क्रान्तिकारी मार्क्सवादीहरूले पनि प्रशंसा गरेका छन् भने कतै संशोधनवादी आरोप पनि लगाइएको छ। जे भए पनि केचाहिँ साँचो हो भने उनको सांस्कृतिक प्रभुत्व (Cultural Hegemony) सम्बन्धी मान्यताले अधिरचनालाई महत्व दिने नवमार्क्सवादी प्रवृत्ति र प्रयासलाई निकै मलजल दिएको छ। अथवा यसो भनौं, उनको यस मान्यताको आफ्नो अनुकूल व्याख्या र उपयोग नव मार्क्सवादीहरूले राम्रैसँग गरेका छन्। यसपछि रेमन्ड विलियम्स, रिचार्ड होगार्ट, स्टुआर्ट हल र इ. पि. थम्पसनको बेलायती सांस्कृतिक अध्ययनको समूह पनि वर्ग सङ्घर्ष र वर्गीय संरचनाको उपेक्षा गर्दै एक वा अर्को प्रकारले नव मार्क्सवादसित जोडिन्छ।

उत्तरमार्क्सवाद समयका दृष्टिले यो उत्तर आधुनिक समयको विकास हो तर यसको सम्बन्ध पुरानो (पेरिस कम्युनका समयको) संशोधनवादसँग जोड्न सकिन्छ। र, ती सबैखाले नव मार्क्सवादका पृष्ठभूमिमा उत्तर आधुनिक युगमा उत्तर मार्क्सवादको विकास भएको हो।

उत्तर मार्क्सवाद पदावलीले निकै सन्देह र असमञ्जसको स्थिति सिर्जना गरेको पाइन्छ। मार्क्सवाद जस्तै लाग्ने र मार्क्सवाद शब्दकै प्रयोग समेत गरिएको यस पदावलीको तात्पर्य के हो र मार्क्सवादका सन्दर्भमा यसका मूलभूत मान्यता के हुन् भन्ने जिज्ञासाहरू स्वाभाविक रूपले अगाडि आउँछन्।

पहिलो कुरा त यसका अगाडि रहेको उत्तर शब्दले समग्र उत्तर आधुनिक युग र त्यसको चेतनालाई समेत सङ्केत गरिरहेको छ। त्यसैले उत्तर मार्क्सवाद भन्नु उत्तर आधुनिक युगको मार्क्सवाद हो भनेर बुझ्न सकिन्छ। त्यसो हो भने मार्क्सवाद थरी थरीका वा युगैपिच्छे फरक हुन्छन् त भन्ने प्रश्न पनि उठ्छ। मार्क्सवादको विकास यात्रामा के देखिन्छ भने यसको जन्मसँगै मार्क्सवादकै आवरणमा संशोधनवादको जन्म पनि भएको छ र मार्क्सवादका आधारभूत प्रस्थापनालाई क्षतविक्षत पार्दै मार्क्सवाद हुनुको भ्रम पनि दिँदै आएको छ। दार्शनिक रूपले यसको जग द्वन्द्वात्मक भौतिकवाद नभई आदर्शवाद हो किनभने यसका मान्यतामा मार्क्स एङ्गेल्स भन्दा पनि कान्ट र हेगेलको आदर्शीकरण ज्यादा छ। उत्तर मार्क्सवाद त्यस्तै संशोधनवादी अवधारणा हो जसको उद्देश्य मार्क्सवादका आवरणमा मार्क्सवादको मूल प्रस्थापनाको निषेध गर्दै दार्शनिक रूपले आदर्शवादको र राजनीतिक रूपले साम्राज्यवादको पोषण गर्नु हो।



दार्शनिक तथा राजनीतिक रूपले नव मार्क्सवाद र उत्तर मार्क्सवादबीच ठूलो दूरी छैन, बरु सजातीयता नै ज्यादा छ। यी दुवैको मुख्य उद्देश्य मूल मार्क्सवादको भ्रष्टीकरण नै हो। उत्तर मार्क्सवादले छद्म ढङ्गले मार्क्सवादको अझ बढी भ्रष्टीकरण गरिरहेको छ र क्रान्तिलाई अझ असम्भव ठोकुवा गरिरहेको छ। उत्तर औद्योगिक वित्तीय पुँजीवादी युगमा विकसित भएको र निकै फाइगिएको गैसस संस्कृतिसँग यो जोडिएको छ र यसले गैसस आन्दोलनमा मार्क्सवादको पतन गराएको छ। जसरी उत्तर आधुनिकतावादी चिन्तनले महाख्यानको अन्त्यको अवधारणाका नाममा मूल मार्क्सवाद र क्रान्तिको समीचीनताको अन्त्यको घोषणा गरेको छ, त्यसलाई शिरोपर गर्दै क्रान्ति सौंचिक्कै असम्भव भएको र सुधारवादी गैसस आन्दोलनबाटै राज्यको चरित्रमा परिवर्तन गर्न सकिने दृष्टिकोण यसले राखेको छ। अमेरिकी मार्क्सवादी लेखक जेम्स पेट्रास (७६) ले निम्न मान्यतालाई यसका विशेषताका रूपमा सूचीबद्ध गरेका छन् :

- समाजवाद असफल भयो र विचारधाराहरू असत्य छन् किनभने तिनीहरूले एउटै लिङ्ग, जाति र सांस्कृतिक प्रणालीको अधीनस्थ विचारको संसारलाई प्रतिबिम्बित गर्छन्।
- मार्क्सवादले भनेको वर्ग ह्रासोन्मुख छ किनभने वर्गहरू विलयतिर जान्छन्, त्यसैले मुख्य प्रस्थान बिन्दु सांस्कृतिक हुन्छ र त्यसले पहिचानको विविधता (जाति, जनजाति, लिङ्ग आदि) माथि जरो गाडेको हुन्छ।
- राज्यसत्ता प्रजातन्त्र र स्वतन्त्रताको दुस्मन हो। त्यो भ्रष्ट हुन्छ सामाजिक कल्याणका लागि अयोग्य हुन्छ। यसका लागि नागरिक समाजले नायकको भूमिका पुरा गर्न सक्दछ।
- राज्यसत्ताका लागि गरिने परम्परागत वाम सङ्घर्ष भ्रष्ट हुँदै गएको छ र त्यसले तानाशाही व्यवस्थालाई जन्म दिन्छ अनि नागरिक समाजलाई आफ्नो अधीनमा राख्छ।
- क्रान्तिको अन्त्य जहिले पनि नराम्रो हुन्छ अथवा क्रान्ति असम्भव हुन्छ। आधारभूत परिवर्तन (च्वमष्अबर्ा अजबलनभ) ले तानाशाही प्रवृत्तिलाई मलजल दिन्छ। यसको विकल्प भनेको चुनावी प्रक्रियालाई बचाउँदै प्रजातान्त्रिक सङ्क्रमणलाई बलियो बनाउन गरिने सङ्घर्ष हो।
- वर्गीय एकता पुरानो विचारको अंश हो। अब वर्गहरूको अस्तित्व छैन। यहाँ खण्डित स्थानीयहरू छन् जहाँ खास समूह (पहिचान) र स्थानहरू स्व सहयोगमा लागेका छन्। .... एकता निर्वर्गीय र मानवतामा आधारित हुन्छ।
- प्रति साम्राज्यवाद भनेको म्याद गुज्रिसकेको विगतको अभिव्यक्ति हो। यो आजको भूमण्डलीकृत अर्थ व्यवस्थामा आर्थिक केन्द्रसँग द्वन्द्वमा आउने सम्भावना छैन।
- स्थानीय संगठनहरूद्वारा स्थानीय मुद्दामा गरिने स्थानीय सङ्घर्षका साथ राष्ट्रिय र अन्तर राष्ट्रिय अधिकारीहरूसित गरिने निवेदन/दबाब मात्र परिवर्तनको एउटा प्रजातान्त्रिक माध्यम हुन सक्छ।

उपर्युक्त मान्यताहरूले उत्तर मार्क्सवादको चरित्र र प्रवृत्तिलाई राम्रैसँग चिनाउँछन्। वास्तवमा यसबाट के पष्ट हुन्छ भने नव मार्क्सवाद जस्तै उत्तर मार्क्सवादले पनि उत्पादन सम्बन्ध तथा आधार र अधिरचना सम्बन्धी मार्क्सवादी मूलभूत मान्यतालाई अस्वीकार गर्दछ। क्रान्ति असम्भव छ र त्यसले तानाशाही जन्माउँछ भन्ने दृष्टिकोण राख्ने यस मान्यताले सामाजिक आर्थिक वर्ग र वर्गसङ्घर्ष भन्ने कुरालाई नै पुरानो, अर्थहीन र अनावश्यक ठान्दछ।

यसले वर्गका ठाउँमा जातीय, लैङ्गिक र अन्य खण्डित स्थानीयलाई राख्न चाहन्छ र वर्गसङ्घर्षलाई पहिचानको सङ्घर्षबाट विस्थापित गर्न चाहन्छ। यसका दृष्टिमा अब वर्गको अवसान र पहिचानहरूको उदय भएको छ। बरु उल्टै यसको आरोप के छ भने वर्गसम्बन्धी मार्क्सवादी मान्यताले सांस्कृतिक पहिचानहरूलाई ओभेलमा पार्छ (पेट्रास ७७)। अब वर्ग केवल एउटा बौद्धिक रचना मात्र हो र सारतः यो आत्मगत परिघटना हो भन्ने धारणा राख्ने उत्तर मार्क्सवादले वर्गविश्लेषण तथा सामाजिक रूपान्तरणमा अनि अधिरचनाको निर्माणमा (आर्थिक) आधारको भूमिका सम्बन्धी मार्क्सवादी मान्यतालाई आर्थिक सङ्कुचनवादी (economic reductionoist) को आरोप लगाएर निषेध गर्दछ। त्यस कारण पेट्रासले यसलाई नव उदारवादको सन्तान भनेका छन् (७७)। वास्तविकता पनि यही हो। नव उदारवादको फासीवादी चरित्रको रक्षाका निमित्त मार्क्सवादको आवरणमा मार्क्सवादका मूल प्रस्थापनालाई भत्काउने र कमजोर बनाउने काममा यो सक्रिय छ।

उपर्युक्त चर्चाबाट उत्तर मार्क्सवादको राजनीतिक पाटो स्पष्ट हुन्छ। राजनीतिक रूपमा यो आधारभूत मार्क्सवादका विरुद्ध छ भने दार्शनिक रूपमा पनि द्वन्द्वात्मक भौतिकवादका विरुद्ध आदर्शवादकै जगमा उभिएको छ। जहाँसम्म कला सिर्जना र चिन्तनमा यसका मान्यताको सन्दर्भ छ, यो उत्तर आधुनिकतावादबाट निकै पोषित छ।

उत्तर मार्क्सवादी चिन्तकद्वय लक्लाउ (Laclau) र मुफ (Mouffe) स्वयंले उल्लेख गरे अनुसार उत्तर मार्क्सवादी हुनु भनेको राम्रो गर्नका लागि (मूल) मार्क्सवादलाई पछाडि छोड्नु र मार्क्सवादमा नारीवाद, उत्तर आधुनिकतावाद, उत्तर संरचनावाद र लकाँको मनोविश्लेषणका नवीन सैद्धान्तिक विकासलाई थप्नु हो (स्टोर ि ८३ मा उद्धृत)। उनीहरू मार्क्सवाद र नयाँ नारीवाद, जनजातिहरू तथा राष्ट्रिय र लैङ्गिक अल्पसंख्यकहरूको प्रतिरोध आन्दोलन, लैङ्गिक अल्पसङ्ख्यकहरू, जनसङ्ख्याको परिधीय/उपेक्षित (marginaliged) तहद्वारा उठाइएको संस्थापन विरोधी वातावरणीय सङ्घर्ष, आणविकता विरोधी सङ्घर्ष, पुँजीवादी मुलकुहरूमा चल्ने विशिष्ट (बतथउष्अबर्) प्रकारका सामाजिक सङ्घर्षहरूका बिच एक प्रकारको साझेदारीको अपेक्षा गर्छन् (स्टोरी ८३)।

यी सन्दर्भहरू र वैशिष्ट्यहरूलाई आत्मसात् गर्दै उत्तर मार्क्सवाद १९९० को दशकयता सांस्कृतिक अध्ययनका रूपमा विकसित भएको छ वा त्यस रूपमा चिनिन खोज्दै छ। सांस्कृतिक अध्ययनको मार्क्सवादेतर विशुद्ध उत्तर संरचनावादी धार (खास गरी फुकोको) पनि छँदै छ तर निकै हदसम्म यसले उत्तर मार्क्सवादकै प्रतिनिधित्व गर्दछ। जहाँसम्म यसको कला सम्बन्धी मान्यताको सन्दर्भ छ, माथिका विशेषताहरूले त्यसका दुई पक्षको सङ्केत गर्दछन्। पहिलो, यसले एकातिर नव मार्क्सवादले जस्तै मार्क्सवादको मूल धारालाई वा त्यसका आधार र अधिरचना एवं वर्ग सङ्घर्ष सम्बन्धी अवधारणालाई खारेज गर्दछ र त्यसलाई रुढिवादी (orthodox) र आर्थिक संकुचनवादी (economic reductionist) को आरोप लगाउँछ भने अर्कातिर उत्तर संरचनावाद, उत्तर आधुनिकतावाद, नारीवाद, उत्तर मनोविज्ञानलाई मार्क्सवादसँग गाँसेर मार्क्सवादको सारतङ्भ्वकै भ्रष्टीकरण गर्दछ।

दोस्रो, कलालाई यसले उत्तर संरचनावादीहरूले (विशेषतः फुको) जस्तै विमर्श (discourse) का रूपमा लिन्छ। त्यसमा वर्गचरित्र, वर्गअनुभूति, वर्गीय उत्पीडन, वर्ग अन्तर्विरोध र वर्ग सङ्घर्षको चेतना र उपस्थितिको खोज गर्दैन।

अपितु त्यस्तो अवधारणा नै जड/असामयिक रहेको धारणा राख्छ र वर्गका ठाउँमा खण्डीय स्थानीयताको र स्थानिक पहिचानको खोज गर्छ। अर्को प्रकारले पहिचानको राजनीतिद्वारा वर्गीय राजनीतिलाई स्थानापन्न गर्छ। क्रान्ति असम्भव र तानाशाहीको कारक रहेको निष्कर्षमा पुगेको उत्तर मार्क्सवाद कलामा क्रान्ति होइन, पहिचानको खोजीमा सीमित हुन्छ। पुँजीवादको चरित्रलाई कलामा उद्घाटित गर्ने दावी गरे पनि यो पेट्रासका शब्दमा नव उदारवादी वित्तीय पुँजीवादकै सन्तान हो र त्यससँग यसले निर्णायक सङ्घर्ष होइन, सम्वाद र सुधारको सम्बन्ध कायम गर्दछ र रचना पद्धतिमा उत्तर संरचनावादलाई पछ्याउँछ। त्यसैले समग्रतः यसको दार्शनिक आधार द्वन्द्वात्मक भौतिकवाद होइन, आदर्शवाद नै हो।

***नेपाली सन्दर्भमा उत्तर मार्क्सवाद***

क्रान्ति असम्भव रहेको ठान्ने उत्तर मार्क्सवाद जुन रूपमा पश्चिमा मुलुकमा देखा परेको छ, त्यसै रूपमा त्यसको उपस्थिति नेपालभित्र पनि छ भन्न त मिल्दैन तर त्यसको क्रान्ति विरोधी र संशोधनवादी सार चाहिँ नेपालमा पनि विकसित हुँदै छ भन्ने आधारहरू चाहिँ छन्। यसलाई नव मार्क्सवाद र उत्तर मार्क्सवाद दुवैको समष्टि प्रभाव मान्न सकिन्छ। खास गरी जनयुद्धका मूल्य र आदर्शको विघटन, विस्मरण र विमूल्यनसँगै यो प्रवृत्ति नेपालमा देखा पर्दै छ र मुख्यतः आजको मार्क्सवादका रूपमा यसको वैचारिक मूर्तीकरण हुँदै छ। अन्तर्राष्ट्रिय सन्दर्भमा यसको एउटा प्रमुख अभिलक्षण "साम्राज्यवादको चरित्र फेरिएको र अब साम्राज्यवाद विरुद्धको सङ्घर्ष सम्भव नरहेको संश्लेषण"सँग सम्बन्धित छ र राष्ट्रिय रूपमा उत्पादन सम्बन्ध र पद्धतिमा आधारभूत नआईकनै नयाँ जनवादी क्रान्तिका मूलभूत कार्यभार पुरा भएको अब पुँजीवादी क्रान्तिबाट समाजवादमा जान सकिने निष्कर्ष अर्को प्रमुख अभिलक्षण बन्न पुगेको छ। नव संशोधनवादी सार बोकेर देखा परि रहेको यस चिन्तन धाराका मुख्य विशेषतालाई यसरी प्रस्तुत गर्न सकिन्छ :

- साम्राज्यवादको चरित्र फेरिएको व्याख्या गर्दै त्यसलाई जित्न नसकिने शक्तिका रूपमा प्रस्तुत गर्नु,
- वर्गसम्बन्ध र वर्गसङ्घर्षको धारलाई अमूर्त बनाई वर्गसामञ्जस्यलाई महत्व दिनु र वर्गसङ्घर्षको बाटोबाट क्रान्ति असम्भव रहेको निष्कर्ष प्रस्तुत गर्नु।
- आर्थिक आधार (उत्पादक शक्ति र उत्पादन सम्बन्ध) मा आधारभूत परिवर्तन नआईकनै नयाँ जनवादी क्रान्तिका आधारभूत कार्य पुरा भएको निष्कर्ष निकाल्दै नयाँ जनवादी क्रान्तिको आवश्यकतालाई अस्वीकार गर्नु र पुँजीवादी क्रान्तिबाटै समाजवादमा पुग्न सकिने तर्क प्रस्तुत गर्नु
- राष्ट्रियताको विषयलाई गौण बनाई राष्ट्रिय आत्म समर्पणवादमा पुग्नु र राष्ट्रिय स्वाधीन अर्थतन्त्रको विकास विना नै आर्थिक समृद्धि सम्भव रहेको तर्क दिनु
- वर्गभन्दा पहिचानको राजनीतिलाई प्रश्रय दिनु र पहिचानको राजनीतिद्वारा वर्गीय राजनीतिलाई स्थानापन्न गर्दै जानु,
- जनयुद्धद्वारा निर्मित सांस्कृतिक मूल्य र आदर्शको उपेक्षा र विमूल्यन गर्दै जानु।

यति बेला डा. बाबुराम भट्टराईको आजको मार्क्सवाद तथा प्रचण्डको नेपाली क्रान्तिको नयाँ संश्लेषणको बहस र व्याख्या यी प्रश्नहरूसित जोडिएका छन्। यी दुवै वैचारिक बहस र चिन्तनका निर्माणमा नव मार्क्सवाद र उत्तर आधुनिकतावाद पोषित उत्तर मार्क्सवादका वैचारिक मान्यताको तीव्र प्रभाव परेको छ।

## कविता

### निभेको छैन आगो

● उज्ज्वल

आगो निभेको होइन साथी
खरानी खोस्री हेर
खरानीको थुप्रोभित्र
आगोका फिल्काहरु गएका खेर

आँधी, तुफान, झरी, बादल-
आगो निभजस्तो देखिए पनि
बलेको आगो ताप्ने भन्दै
केही मान्छेहरु छड्किए पनि
फिल्काहरु विस्तारै फेरिदैछन्
कोइलामा
खन्याउन पानी बसे पनि बोकेर
घोइलामा
बल्दै छ आगो अब दन्किन्छ
दनदनी
डढेलो लगाउँला चैतमा
जाडोमा तापौं वरिपरि बसेर
फनफनी

### म त जीवनको अन्तिम मोडमा छु

● ऋतिक यादव



म त जिन्दावाद र मुर्दावादमा
सीमित हुन्छु
सबैको आवाज बुलन्द गर्ने
अखडा बन्छ
राजनीतिक विद्रोहमै सदैव
प्रयोग हुन्छु
आज म हतासमा छु
छ कोही बचाइदिने मलाई
म त जीवनको अन्तिम मोडमा
छु

मलाई धेरै सपना देखाइन्छ
म त्यसैमा मग्नमस्त हुन्छु
एकपटक फेरि रेल गुडाइन्छ कि
यसैमा वर्षौंदेखि विस्वस्त हुन्छु
आज म हतासमा छु
छ कोही बचाइदिने मलाई
म त जीवनको अन्तिम मोडमा
छु

पुर्वाधार भएपनि राजधानीबाट
बञ्चित हुन्छु
नाकाबन्दी गरेको भन्दै दोषी
हुन्छु
हरबखत अविश्वासको पात्र
बन्छु
आज म हतासमा छु
छ कोही बचाइदिने मलाई
म त जीवनको अन्तिम मोडमा
छु

इतिहासको पाना पल्टाउदा
नम्बर वानमा हुन्छु
विनासको आगो हेरेको प्राण
बन्छु
विलासको गलत मिजासमा
अधिनस्थ हुन्छु
आज म हतासमा छु
छ कोही बचाइदिने मलाई
म त जीवनको अन्तिम मोडमा
छु

*(नोटः कवितामा 'म' भन्ने पात्रले ऐतिहासिक, व्यवसायिक तथा आर्थिक नगरी वीरगञ्जलाई प्रस्तुत गर्न खोजेको हो।)*

सूचना

राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च नेपालको प्रकाशन विभागद्वारा प्रकाशित भएको विचारप्रधान त्रैमासिक

'वर्गबोध'

बजारमा उपलब्ध छ, आफ्नो प्रति बेलैमा सुरक्षित गर्नुहोस्।
प्रकाशन विभाग
वर्गबोध त्रैमासिक

## प्रशिक्षक...

थप प्रष्ट पारेको छ । यो नै सबैथोक होइन, यस्ता कार्यक्रमतलसम्म लैजानुपर्छ अनि प्रभावकारी रहन्छ । यसले आत्मगत अवस्था बलियो बनाउन मद्दत गरेको छ । यो कार्यक्रममा एउटा खटकिएको कुरा के भने २९ वटा सेसनमा कम्तिमा एउटा सेसन महिला मुक्तिबारे राखिएन, राखिनु पर्दथ्यो ।

**सुझाव** : हामीले कम्तिमा यहाँ सिकेका कुरालाई अझ बढता सिक्न आवश्यक अध्ययन सामाग्रीको व्यवस्था आवश्यक पर्छ । त्यसैले केन्द्रीय स्कुल विभाग अन्तरगत एउटा पुस्तकालय होस भन्ने सुझाव छ ।

(नेकपा- क्रान्तिकारी माओवादी)ले गत कार्तिक ११ देखि १७ सम्म केन्द्रीय स्तरको आवासीय स्कुल कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको थियो । उक्त स्कुलिंग कार्यक्रमका सहभागिहरूद्वारा उक्त कार्यक्रमको समापनमा त्यसको प्रभावकारितावारे भनेका आ-आफ्ना अनुभूतिहरूलाई उहाँहरूकै शब्दमा जस्ताको राखिएको छ । यो नोट प्रशिक्षक प्रशिक्षणका एक जना प्रशिक्षक क. हुकुमबहादुर सिंहले तयार पारेर पठाउनु भएको हो *-सम्पादक*)

## शान्तिसम्झौताको...

समाजको आर्थिक-समाजिक रूपान्तरणको दृष्टिले हेर्ने हो भने शान्तिसम्झौतापछिका १२ वर्षका तमाम घटनाक्रम र सबै सूचकांकले द्वन्द्वको व्यवस्थापन होइन, नयाँ बिजारोपण गरेको छ । मुलुक दशवर्षे जनयुद्धभन्दा अझ भयानक द्वन्द्वतर्फ उन्मुख छ । स्थिति विष्फोटक बन्दै गएको छ । आफूलाई कम्युनिस्ट दावी गर्ने नक्कली कम्युनिस्टहरूको दुईतिहाई प्राप्त सरकार छ, तर राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरू इतिहासकै सर्वाधिक संकटपूर्ण, विकराल र भयावह बन्दै गएका छन् ।

**राष्ट्रियतामाथि गहिरिदो संकट**

मूलतः सन् पचासको असमान सन्धियता नेपालको राष्ट्रियतामाथि भारतीय शासक वर्गको विस्तारवादी नीतिले गम्भीर खतरा पैदा गर्दै आएको छ । भारतीय शासकवर्ग अहिले पनि नेपाल मामिलामा नेहरूकालीन मानसिकतामै हिडिरहेको छ र नेपाललाई आफ्नो अधिनस्थ पार्न अनेकौं जालहरू विछ्याउँदै आएको छ । शितयुद्धको समाप्तीपछि साम्राज्यवादी शासकहरूको सिको गर्दै भारतीय विस्तारवादी शासकले नेपालमा आफ्ना दलालहरू तयार पारेर आफ्नो अभिष्ट पूरा गर्ने प्रयत्न गर्दै आएको छ । भुटान, फिंजी र सिक्किमको मोडल हुन्छ वा अन्य कुनै तरिकाबाट भारत नेपाललाई ढिलो चाँडो आफ्नो नक्साभित्र पार्ने रणनीतिमा अगाडि बढिरहेको छ । सत्ता पक्ष, प्रतिपक्ष, राज्यपक्ष, विद्रोही पक्ष दुवैतिर आफ्ना दलालहरू तयार पार्दै राणाविरोधी आन्दोलनमा कांग्रेस र राजालाई साथ दिएजस्तो गरी सन् पचासको सन्धि गराउन सफल भारत ०४६ सालको आन्दोलनमा पनि राजा र आन्दोलनरत पार्टीहरूको बीचमा मध्यस्तकर्ताका काम गर्दै असमान सन्धि सम्झौताहरू गर्न सफल भयो । दशवर्षे जनयुद्धको उत्तरार्द्धमा पनि तत्कालीन माओवादी नेतृत्वको शासकीय महत्वकांक्षालाई प्रयोग गर्दै भारतले १२ बुँदे समझदारीको रूपमा नयाँ दिल्ली सम्झौता गराउन सफल भयो र तत्कालीन माओवादी नेतृत्वद्वय प्रचण्ड र बाबुरामलाई प्रयोग गरेर भारतले आफ्नो स्वार्थनुकूल फाइदा लियो, लिइरहेको छ ।

सत्ताको कुर्सीमा पुग्न र त्यसमा टिकिरहन भारतीय विस्तारवादी शासकको गुलामी, चाकडी गर्ने र त्यसका लागि देशको अमूल्य निधिको बेचविखन गर्न पनि पछि नपर्ने चरित्र प्रदर्शन गर्दै आएका छन् नेपाली शासकहरूले । आफ्नो रणनीति अनुसारको संविधान बनेन भनेर भारतले नाकाबन्दी लगाउँदा एक नम्बरका राष्ट्रवादी प्रधानमन्त्री कहलिएका केपी शर्माओलीले पनि अहिले विगतका राष्ट्रघाती शासकहरूलाई बिर्स्याउने गरी भारतीय शासकवर्गको गुलामी गरिरहेका छन् र भारतले नेपालको सार्वभौमिकतामाथि आँच आउने गरी गरेका सबै गतिविधिमाथि मौनता साधेका छन् । जनताले यस्तो अनुभूति गर्न थालेका छन् कि नेपालको प्रधानमन्त्री ओली होइनन् मोदी हुन्, ओली त उनका कारिन्दा मात्र हुन्, उनी मोदीकै निर्देशन अनुसार काम गरिरहेका छन् ।

गम्भीर प्रश्नहरू छन् । सीमामा दिनदिनै जंगे पिल्लरहरू गायब पारिएका छन् । हजारौं हेक्टर नेपाली भूमि मिचिएको प्रमाण देखाउँदै सीमाका नेपालीहरू आफ्नो भूमि रक्षाका निम्ति लडिरहेका छन्, भारतीय सीमा सुरक्षाबलले ती नेपालीहरूलाई गोली हानेर हत्या गरिरहेको छ । जनता न्याय माग्न प्रधानन्त्री भेट्न आउँछन्, ओली भेट दिँदैनन् । लिपुलेक, लिम्पियाधरा, कालापानी, सुस्ता मात्रै होइन दश हजार वर्ग किलोमिटर नेपाली भूमि गायब पारिएको नक्सा अहिले बजारमा छ्याप्छ्याप्ती पारिएको छ । ओली सरकार चुँसम्म बोल्दैन । उल्टो त्यही भारतीय विस्तारवादी शासकहरूले नियोजित रूपमा तयार पारेको नक्कली नक्सा ओली सरकारले सबै सरकारी निकायहरूमा शानका साथ प्रयोग गरिरहेको छ र सर्वत्र यसको आलोचना हुँदा पनि सक्कली नक्सा प्रयोग गरिएको छैन । यहाँसम्म कि सरकारी निशान छापसम्ममा पनि त्यही नक्कली नक्सा प्रयोग गरिएको छ । राष्ट्रियता तथा सार्वभौमिकताका हिसाबले यति संवेदनशील र गम्भीर विषयमा पनि शासकहरू किन मौन छन्, गम्भीर सवाल खडा भएको छ । मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) र यो पार्टीसम्बद्ध संगठनहरूले बाहेक अन्य कुनै पार्टीले पनि यसको विरोध गरेका छैनन् । क्रान्तिकारी माओवादी समर्थित देजमो र क्रान्तिकारी युवा लिगले त काठमाडौंका सबै नपा, सरकारी निकायहरूमा नक्कली नक्सा प्रयोगको विरुद्धमा अभियान नै चलाएको छ । तर आफूलाई राष्ट्रवादी दावी गर्ने अन्य पार्टी र व्यक्तिहरूले यस विषयमा नबोल्नु बुझिनसक्नु भएको छ ।

नेपालमाथि भारतीय हस्तक्षेप बहुआयामिक छ । आम जनताले थाहा नपाउने गरी हुने गरेका भारतीय हस्तक्षेप अनगिन्ती छन् । राजनीति, आर्थिक, सांस्कृतिक, भाषिक हस्तक्षेप अझ यति डरलाग्दो छ कि नेपालीहरूको दिलदिमागमा भएको राष्ट्रियताप्रतिको गहिरो भावना र चाहनालाई रित्याउने र भारतभक्ति भाव विकास गराउन खोजिएको छ । चाहे त्यो हिन्दू धर्मको नाममा होस् या संस्कृति, रीति रिवाजको नाममा नै किन नहोस् । यसको सूक्ष्म अध्ययन, अनुसन्धान र त्यसका विरुद्ध सशक्त राष्ट्रिय जागरण अभियान चलाउन राष्ट्रवादी, देशभक्त क्रान्तिकारीहरूले बेलैमा ध्यान पुऱ्याउन आवश्यक छ । र, भारतीय हस्तक्षेपबाट नेपाललाई मुक्त पार्नु नयाँ जनवादी क्रान्तिको एउटा प्रमुख कार्यभार पनि हो । यो कार्यभार सिंगै बाँकी छ । स्वतन्त्र हैसियतमा उठेको नेपाली जनताको राष्ट्रिय मुक्ति (प्रतिरोध) युद्ध वा आन्दोलनले मात्र यो कार्यभार पूरा गर्न सक्छ ।

**पूरा भएको छैन जनवादी क्रान्ति**

जनवादी क्रान्तिका प्रमुख दुई कार्यभार थिए- सामन्तवाद र साम्राज्यवादको अन्त्य । दशवर्षको जनयुद्ध र त्यसको जगमा भएका आन्दोलनहरूले सामन्तवादलाई कमजोर तुल्याए पनि साम्राज्यवादलाई छुँदै छुएन । बरु समयक्रममा साम्राज्यवादका विरुद्ध लड्ने उद्घोष गरेकाहरू नै तिनका दलाल बन्न पुगे र उनीहरूकै इशारामा नाच्न पुगे । र, भन्न थाले- नयाँ जनवादी क्रान्ति पूरा भइसक्यो, अब आर्थिक क्रान्ति गर्नुपर्छ । विकास र समृद्धि नै अबको मुख्य कार्यभार ।

क्रान्तिकारी माओवादीको ०७४ असोजमा सम्पन्न राष्ट्रिय सम्मेलनमा प्रस्तुत एवम् पारित 'नेपाली समाजको स्वरूप र पार्टीको आम कार्यदिशा' शीर्षक दस्तावेजमा नयाँ जनवादी क्रान्ति पूरा भयो भनेर दावी गर्ने संशोधनवादी तथा अवसरवादीहरूले छरेको भ्रमलाई ६ बुँदामा चिरफार गर्दै भनिएको छ, "पहिलो : गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशी समानुपातिक प्रतिनिधित्व जस्ता विषयलाई आधार बनार्य नेपालमा पुँजीवादी जनवादी क्रान्ति पुरा भइसक्यो भनेर जुन तर्क गरिन्छ त्यो पूर्णतः गलत तथा भ्रान्त धारणा हो । वस्तुगत : नेपालमा पुँजीवादी जनवादी क्रान्ति पुरा भएकै छैन । किनभने- (१) यहाँ दलाल, नोकरशाही पुँजीपति एवम् सामन्तवर्गको पुरानो राज्यसत्ता तथा राज्य मशिनरी कायमै छ, राणाकालदेखि अहिलेसम्म आउँदा शासनसत्तामा केही फेरबदल अवश्यै भएका छन्, परन्तु राज्यसत्तामा भने दलाल, नोकरशाही पुँजीपति तथा सामन्तवर्गको नेतृत्व तथा अधिनायकत्व यथावतै रहिआएको छ । (२) नेपाल जस्तो अर्धसामन्ती, अर्धऔपनिवेशिक तथा नवऔपनिवेशिक अवस्थामा रहेको मुलुकमा जनवादी तथा राष्ट्रिय क्रान्ति बेग्ला बेग्लै होइन एउटै चरणमा गरेको हुनुपर्दछ । यहाँ एकातिर जनवादको समस्या समाधानै भएको छैन भने अर्कोतिर साम्राज्यवादी र विस्तारवादी हस्तक्षेप तथा उत्पीडिन अन्तहुनु त परै जाओस् झन् झन् तिव्र बन्दै गएको छ । (३) यहाँ नयाँ जनवादी क्रान्तिको मान्यता अनुसार सर्वहारावर्गको नेतृत्व तथा आम जनसमुदायको संयुक्त अधिनायकत्वमा नयाँ राज्यसत्ता स्थापना भएको छैन । बरु उल्टै देशी तथा विदेशी प्रतिक्रियावादसित वर्गीय तथा राष्ट्रिय रूपमा आत्मसमर्णणवादका बाटो पकडिएको छ । (४) कृषि, उद्योग, वाणिज्य, शिक्षा, स्वास्थ्य लगायत जनजीविका र समग्र अर्थतन्त्रका क्षेत्रमा दलाल तथा नोकरशाही पुँजीको प्रभुत्व कायमै छ र साम्राज्यवादी भूमण्डलीकरण, उदारीकरण तथा निजीकरणलाई तिव्रता दिइएको छ । यहाँ औद्योगिक पुँजीको विकास भएको छैन ।

जहाँसम्म राजतन्त्रको अन्त्य तथा गणतन्त्रको स्थापनालाई नै पुँजीवादी क्रान्ति सम्पन्न हुनुको एक मात्र आधार तथा कसी मान्ने प्रश्न हो त्यो ठीक होइन । किनभने गणतन्त्रको स्थापना भइसकृका देश पनि अर्धसामन्ती अवस्थामा रहेका र राजतन्त्र कायमै भएका देशमा पनि पुँजीवादी जनवादी क्रान्ति भएका उदाहरण पाइन्छन् ।

**दोस्रो** : तमाम अवसरवादी तथा संशोधनवादीहर के पनि भन्दछन् भने दलाल तथा नोकरशाही पुँजीवाद भने पनि पुँजीवाद नै हो र राष्ट्रिय पुँजीवाद वा औद्योगिक पुँजीवाद भने पनि पुँजीवाद नै हो । यो तर्क सर्वथा गलत छ । किनभने -(१) दलाल तथा नोकरशाही पुँजीवाद र औद्योगिक पुँजीवादमा गुणात्मक तथा मौलिक दलाल तथा नोकरशाही पुँजीवाद र औद्योगिक पुँजीवादमा गुणात्मक तथा मौलिक अन्तर छ । अर्धसामन्ती, अर्धऔपनिवेशिक तथा नवऔपनिवेशिक अवस्थामा रहेका मुलुकहरूमा दलाल तथा नोकरशाही पुँजीपति र सामन्तवर्गको नेतृत्वमा दलाल तथा नोकरशाही पुँजीवाद स्थापित रहेको हुन्छ । परन्तु, यहाँ औद्योगिक पुँजीवादको स्थापना भने सर्वहारावर्गको नेतृत्वमा नयाँ जनवादी राज्यसत्ता स्थापना गरेर मात्र हुन सक्तछ । (२) दलाल तथा नोकरशाही पुँजीवाद साम्राज्यवादको अभिन्न अंग हो भने औद्योगिक पुँजीवाद वैज्ञानिक समाजवादको अभिन्न अंग हो । (३) दलाल तथा नोकरशाही पुँजीवादले पुरानै राज्यसत्ता तथा साम्राज्यवादी/विस्तारवादी उत्पीडनलाई जारी राख्तछ भने औद्योगिक पुँजीवादले वैज्ञानिक समाजवादमा जानका लागि वस्तुगत आधारहरू तयार पार्दछ ।

**तेस्रो** : आज कैयौं दक्षिणपन्थी अवसरवादीहरूले नेपालमा राजनीतिक क्रान्ति पुरा भइसक्यो अब आर्थिक क्रान्ति गर्नुपर्दछ भन्ने गरेका छन् । वस्तुत : त्यो पनि नितान्त गलत कुरा हो । पहिलो त वर्तमान राज्यसत्ता, व्यवस्था तथा संविधानका पक्षधरहरूले राजनीतिक क्रान्ति पुरा भयो अब आर्थिक क्रान्ति गर्नु पर्दछ भनेर ठूलो विभ्रम पेदागर्दै आएका छन् । पहिलो त, राजनीतिक र आर्थिक क्रान्तिको सम्बन्धलार्य उपरिसंरचना र आधारको सम्बन्धका रूपमा बुझ्नु पर्दछ । राजनीति र अर्थतन्त्रमा मूलतः अर्थतन्त्रको भूमिका प्रधान हुन्छ तर पनि ती दुबैले एक अर्कोलाई प्रभावित पार्ने र बदल्ने काम गर्दछन् । परन्तु, वर्तमान अर्धसामन्ती अर्धऔपनिवेशिक तथा मुख्यतः नवऔपनिवेशिक उत्पादन सम्बन्धको आर्थिक आधार र लोकतान्त्रिक गणतन्त्रको उपरिसंरचना बीच एकरूपता नै देखिन्छ । यस अर्थमा राजनीतिक क्रान्ति पुरा भयो आर्थिक क्रान्ति गर्नु पर्छ भन्ने कुरामा कुनै तुक देखिन्न । दोस्रो, यहाँ राजनीति र अर्थतन्त्रको कुरा गर्दा जुन क्रान्तिको उल्लेख गरिएको छ त्यो शब्दको दुरूपयोग मात्र हो । किनभने, हिजो पनि राज्यसत्ता दलाल तथा नोकरशाही पुँजीवादको प्रभुत्व थियो, आज पनि छ र भोलि पनि उनीहरूले त्यसैलाई कायम राख्न गैरहेका छन् । त्यसै गरी आर्थिक क्षेत्रमा हिजो पनि दलाल तथा नोकरशाही पुँजीवादको प्रभुत्व थियो, आज पनि छ र भोलि पनि उनीहरूले त्यसैलाई कायम राख्ने छन् । भूमण्डलीकृत साम्राज्यवाद तथा विस्तारवादको नियन्त्रण तथा निर्देशनमा उदारीकरण, निजीकरण तथा खुलाबजार अर्थतन्त्रको मान्यतालाई अंगीकार गर्नेहरूले अर्थतन्त्रमा कदापी क्रान्ति गर्न सक्दैनन् । यसरी हेर्दा उनीहरूले प्रयोग गर्ने गरेको क्रान्ति शब्द विभ्रम शिवाय अरु केही होइन ।

**चौथो** : आज उनीहरू नेपालमा पुँजीवादी जनवादी क्रान्ति भएको छैन र देश अझै अर्धसामन्ती, अर्धपौपनिवेशिक तथा नवओपनिवेशिक अवस्थामा छ भनी तर्क गर्नेहरूमाथि जडसूत्रवादी तथा परम्परावादी भएको आरोप अलाउँछन् र आफू सिर्जनशील मार्क्सवादी भएको कुरा बताउँछन् । पहिलो कुरा त यो दक्षिणपन्थी अवसरवादीहरूले क्रान्तिकारीहरूमाथि लगाउँदै आएको परम्परागत आरोप हो । दोस्रो, जडसूत्रवादको विरोध त मार्क्सवादीहरूले पनि गर्दछन् । यहाँ प्रश्न जडसूत्रवादको विरोध मार्क्सवादी कोणबाट गर्ने कि संशोधनवादी कोणबाट भन्ने नै हो । वस्तुतः हामीले के देख्तै र भोग्दै आएका छौं भने जसले सिर्जनात्मक मार्क्सवादको नाममा क्रान्तिकारी मार्क्सवादीहरूमाथि जडसूत्रवादको आरोप लगाउँदै आएका छन् तिनले मार्क्सवादको सिर्जनात्मक प्रयोग होइन मार्क्सवादका विरुद्ध प्रतिक्रियावादलाई साथ दिने र अन्ततः प्रतिक्रियावादमै परिणत हुने गरेका छन् । नेपालमा लामो समयदेखि ठीक यही भइरहेको छ ।

**पाँचौं** : कतिपय मानिसहरूले नेपालमा विद्यमान सानो जोतवाल भूस्वामीलाई पुँजीपति र कृषिसित जोडिएका तथा बैदैशिक रोजगारीमा गएका बेरोजगार तथा अर्धबेरोजगारहरूलाई सर्वहारा वर्गमा गणना गरेर नेपालमा पुँजीवादको विकास भएको कुरा गर्दछन् । त्यो पनि साँचो कुरा होइन । किनभने यस प्रकार पुँजीपति तथा सर्वहारा मानिएकाहरूको ठूलो संख्या एकातिर परम्परागत कृषिसित जोडिएको छ भने अर्कोतिर अर्धसामन्ती, अर्धऔपनिवेशिक तथा नवऔपनिवेशिक अवस्थामा आधारित छ । अहिले, सानो जोतवाला किसानलाई शुद्ध पुँजीपति र अर्धबेरोजगारहरूलाई आजाद सर्वहारा भन्न सकिन्न । यद्यपि अन्ततः तीनको विशाल बहुसंख्या सर्वहारा बन्ने कुरा भने निश्चित छ ।

**छैठौं** : जसले नेपालमा पुँजीवादी जनवादी क्रान्ति पूरा भइसक्यो र अब समाजवादी क्रान्ति गर्नु पर्दछ भन्दछन् ती वस्तुतः समाजवादी क्रान्तिका पक्षधर नभई वर्तमान राज्यसत्ता तथा संसदीय व्यवस्थाका संरक्षक हुन् । किनभने १) तिनले वर्तमान पश्चगामी राज्यसत्ता तथा संसदीय व्यवस्थाको संरक्षण गर्ने संविधानको कार्यान्वयनलाई आफ्नो राजनीतिको केन्द्रीय मुद्दा बनाएका छन्, २) तिनले संविधान संशोधन गरी समाजवादमा जान सकिन्छ भनी बलप्रयोगको बाटो निषेध र शान्तिपूर्ण संक्रमणको बाटोलाई अबलम्बन गरेका छन्, ३) दलाल तथा नोकरशाही तथा सामन्त वर्गसित एकाकार हुँदै ती नव धनाढ्य तथा नवदलाल वर्गमा परिणत हुँदै गइरहेका छन्, र ४) तिनले वर्गीय तथा राष्ट्रिय दुबै रूपमा आत्मसमर्पणको बाटो समाती सकेका छन् र ती क्रान्ति होइन प्रतिक्रान्तिका अंग बन्न गइरहेका छन् ।"

'गर्ने भन्ने हनुमान पगरी गुथ्ने ढेंडु' भनेझै श्रमजीवि, शोषित-उत्पीडित जनताले बगाएको रगतको तागतमा स्थापित गणतन्त्रमा अहिले दलाल पुँजीपतिवर्गको हालीमुहाली छ । अब त्यही वर्गका विरुद्ध नेपाली जनताले निर्णायक क्रान्ति गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।

**भयावह जनजीविकाका सवाल**

शान्तिसम्झौताका १२ वर्षमा जनजीविकाका समस्याहरू अझ पेचिला बन्दै गएका छन् । देशमा आफूलाई कम्युनिस्ट, वाम भन्नेहरूको दुईतिहाई मत प्राप्त सरकार छ तर जनतामा त्यसको कुनै अनुभूति छैन । भ्रष्टाचार यतिधेरै बढेको छ कि जनताले सरकारी काम गर्न पाइलैपिच्छे नेता कर्मचारीलाई घुस खुवाउनु पर्छ । जनप्रतिनिधिहरूले राज्यको ढिकुटीमा ब्रम्हलुट मच्चाएर आफ्ना सेवा सुविधा वृद्धि गरेका छन्, विलासी जीवन विताएका छन्, अनावश्यक रूपमा विदेश भ्रमण गरेका छन् र आफ्ना नातागोतालाई सत्ता र शक्तिको दुरूपयोग गरी राज्यको व्ययभार बढाउँदै नियुक्त गरेका छन् । यहाँसम्म कि वैदेशिक ऋण र अनुदानमा समेत भ्रष्टाचार हुने गरेको छ । व्यापारघाटा आकाशिदो छ । सरकार जम्मा बजेटको केवल २३ प्रतिशत बजेट विकास निर्माणको क्षेत्रमा छुट्ट्याउँछ त्यसमा पनि आर्थिक वर्षको ६ महिना वित्न लाग्दा ५ प्रतिशतभन्दा बढी खर्च गर्दैन । एकैपटक आर्थिक वर्षको अन्तिम महिना असारमा भएभरको बजेट खन्याउने र त्यसमा पनि ब्रम्हलुट मच्चाउने गर्दछ ।

ओली नेतृत्वको सरकारको नौं महिना जनतामा झुठा आश्वासन बाँड्दैमा वितेका छन् । यातायातलगायतको क्षेत्रमा सिण्डिकेट अझ जब्बर बनेको छ । सुन तस्करहरू फुक्काफाल छन् । ठेकेदार, माफिया र विचौलियाहरू नै जताजतै हावी छन् । सरकार पूर्णतः असफल बनेको छ । जनताले अहिले भरपर्दो वैकल्पिक शक्तिको खोजी गरिरहेका छन् । क्रान्तिकारी माओवादीलगायतका आमूल परिवर्तनकारी शक्तिहरूले यो परि स्थितिमा आफूलाई जनताले खोजेको वैकल्पिक शक्तिको रूपमा अगाडि ल्याउन र नेतृत्व क्षमता प्रदर्शन गर्नुपर्ने देखिएको छ ।

**क्रान्तिकारी विकल्पको खाँचो**

शान्ति सम्झौताको १२ वर्षले दशवर्षे जनयुद्धको घाउलाई मल्हम लगाउने भन्दा पनि अझ त्यो घाउमा चोट दिने काम गरेको छ । सत्य निरूपण तथा मेलमिलाप आयोग र वेपत्ता छानविन आयोगले उद्देश्य अनुरूप काम गर्न सकेन । ती दुवै आयोगले उजुरी लिनेभन्दा अन्य कामको व्यवस्थापन गर्न सकेनन र गर्न सक्ने स्थिति पनि थिएन । किनकि ती राजनीतिक दाउपेचबाट स्वतन्त्र थिएनन् । सत्य निरूपण आयोगमा ६४ हजार उजुरी, वेपत्ता अयोगमा ३ हजार १ सय ९७ उजुरी परेको छ । ती उजुरीहरूको किनारा लगाउने स्पष्ट कार्यविधि छैन । यसले राज्य र शासकहरूप्रतिको वितृष्णा र अविश्वासलाई अझ बढाएको छ ।

जनयुद्धका सहिद, वेपत्ता परिवार तथा घाइतेहरूलाई उचित राहतको व्यवस्थापन हुन सकेको छैन । सहिद परिवारहरूलाई राहतको भन्दा पनि सहिदले जुन उद्देश्यको लागि रगत बगाए, त्यो उद्देश्य प्राप्ति नभएकोमा चिन्ता व्यक्त गरिरहेका छन् । दशवर्षको जनयुद्ध संसदीय व्यवस्थाका विरुद्ध नयाँ जनवादी राज्यव्यवस्था स्थापनाका लागि गरिएको थियो । अहिले नयाँ जनवादी क्रान्तिको नारा मोहन वैद्य'किरण' नेतृत्वको नेकपा बाहेक अरुले दिएका छैनन् । यसर्थ, क्रान्तिकारी माओवादी नै जनयुद्धको वास्तविक उत्तराधिकारी हो भन्न सकिन्छ । प्रचण्ड नेतृत्वको माकेको एमालेकरण, नयाँ जनवादी क्रान्ति पूरा भइसक्यो भन्दै समाजवादी क्रान्तिको नारा दिने विप्लव, किराती र आहुती यसर्थमा विकल्प बन्न सक्ने देखिन्न । साँचो अर्थमा क्रान्तिकारी माओवादीले नै अहिलेको संविधान, सत्ता र व्यवस्थाको वास्तविक विकल्प हो । त्यो वैकल्पिक हैसियत विचार र सिद्धान्तका दृष्टिले उसले प्रस्तुत गरिरहेकै छ । अब त्यसलाई राजनीतिमा मुखरित गर्न क्रान्तिकारी माओवादीले आफ्नो आत्मगत अवस्थालाई सुदृढ पार्न आवश्यक छ । त्यसका लागि वर्गसंघर्ष र प्रतिरोध संघर्षमा सिंगो पार्टीलाई होम्न जरुरी छ । यसैको बीचबाट नै क्रान्तिकारी माओवादीले क्रान्तिका लागि आवश्यक पर्ने उदात्त स्वप्नदृष्टि, उन्नत वैचारिक धरातल, ठोस योजना, अनुशासित संगठन, दृढ प्रतिबद्धता, इमानयुक्त निष्ठा र उत्सर्गी भावनाको विकास भएर जान्छ । यसैको बलमा क्रान्तिकारी माओवादी नयाँ शक्तिका साथ राष्ट्रिय राजनीतिको कमाण्ड सम्हाल्ने हैसियतमा पुग्नेछ ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१, ५२२५०३४
बिक्की शर्मा गुरागाँई (९८५११९५८८९)
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौंडा, वीरगंज, चपुर, निजगढ, रातपुर
फोन नं. : ०१-५१४७२१६
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
इन्द्र कट्टेल - ९८१८४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति
यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्जाङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।
टाटासुमो बोलेरो
(रिजर्भ चाहिएमा)
०४७-५२११६९ सिन्धुली
९८६०१०२७३८ विश्व
९८४४२५२३८५ सानोभाई
९८४११०६९६७ संजीव
९८४५७८४३०७ प्रदीप
०१-५१००४९४ कोटेश्वर
९८४४००८४०० लाल बहादुर
रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४२५२३८५
९८४४०७६२६१, ९८३१२८४३०

## आलोपालो

# पार्टी स्कुलिङको अनुभूति



• हरि सुवेदी

एउटा असल कम्युनिष्ट पार्टीको सदस्य बन्नको लागि कम्युनिष्टका आधारभूत र सैद्धान्तिक मूल्य मान्यता आत्मसात् गरेको हुनु पर्छ । पार्टीको नीति कार्यकर्ताको चरित्र र व्यवहार र मालेमावादी दृष्टिकोण लगायत विविध विषयमा समान्य जानकारी समेत हुनु पर्छ । खाली कम्युनिष्टका नाममा वकालत गर्ने चरित्र र व्यवहार भएका कम्युनिष्ट पार्टी र तिनका नेता तथा कायकर्तालाई मालेमावादी दृष्टिकोणबाट कम्युनिष्ट पार्टीको सदस्य मान्न सकिन्न । प्रशिक्षण (स्कुलिङ्ग) कम्युनिष्ट पार्टीका सदस्यका लागि महत्वपूर्ण विषय हो । जीवन र व्यवहारबारे सच्चा कम्युनिष्ट सिद्धान्तलाई आत्मसात् गर्ने मालेमावादी दृष्टिकोणभित्र रहेका सार्वभौम मूल्य मान्यतालाई व्यवहार तह लागु गर्ने नै पार्टी सदस्यको निमित्त महत्वपूर्ण अनुशासनको विषय हो । पार्टीलाई गतिशील बनाउन, वर्ग संर्घषलाई तीव्र पार्न, कार्यकर्तालाई दिमागी रूपमा बलियो बनाउन, मानवीय जीवन र मूल्यमान्यता बीचको अन्तरविरोध हल गर्न र पार्टीलाई जीवन प्रदान गर्न पनि स्कुलिङको आवश्यकता पर्छ ।

स्कुलिङ्ग भनेको शिक्षा ग्रहण गर्नु हो । स्कुलिङ विभिन्न प्रकारका हुन्छन् । खासगरी प्रतिक्रियावादी वर्गहरूले आफ्नो पार्टी तथा तिनका कायकर्ताहरूलाई आफ्नो वर्ग चरित्र र स्वार्थ अनुरूपको स्कुलिङ्ग दिने गर्छन् । क्रान्तिकारीले वर्गीय विचारधारामा आधारित रही वर्गीय रूपमा स्कुलिङ दिन्छन् । समाजिक रूपमा, आर्थिक रूपमा, सांस्कृतिक रूपमा, रूपान्तरसहित वर्गीय चिन्तनमा केन्द्रित भई स्कुलिङ सञ्चालन गर्छन् । यसै सिलसिलामा हाम्रो गौरवशाली पार्टी नेपाल कम्युनिष्ट पार्टी क्रान्तिकारी माओवादीले कार्तिक महिनाको ११ देखि १७ गते सम्म देशै भरिबाट जिल्ला नेतृत्वमा रहेका खास खास कमरेडहरूलाई समेल गराइ विशिष्ट किसिमको पार्टी स्कुलिङ सञ्चालन गरेको थियो ।

उक्त स्कुलिङ्ग अहिलेको संक्रमणकालिन राजनैतिक अवस्था र दलाल पुँजीवादी व्यवस्थाविरुद्ध नयाँ जनवादी व्यवस्था र क्रान्तिलाई अगाडि बढाउन प्रारम्भिक चरणको पहिलो स्कुलिङ्ग नै मान्न सकिन्छ । खास गरी उक्त स्कुलिङले वर्ग संघर्षलाई अगाडि बढाउन तिनवटा विषय वस्तुमा केन्द्रित भई आफ्नो अवासीय स्कुलिङ सञ्चालन गरेको थियो । पार्टी कार्यालय बुद्धनगरमा चलेको प्रशिक्षक प्रशिक्षण (स्कुलिङ्ग)मा कार्यकर्तालाई राजनीतिक रूपमा, दार्शनिक रूपमा, सांगठनिक रूपमा विभिन्न विधाहरू समेटी प्रशिक्षण दिइयो । त्यसले एकातिर कार्यकताहरूलाई सो विषय वस्तुहरू धेरै कुराहरूको बोध गरायो । अर्कोतिर कायकर्ताभित्र देखिएको निराशा, हीनता, कुण्ठा, अकर्मण्यता जस्ता कुराहरूलाई मनोवैज्ञानिक रूपमा ताजगी प्रदान गर्‍यो । नयाँ आन्दोलनका निमित पनि उत्साह प्रदान गर्‍यो । यो एक आवशीय प्रशिक्षणको अभ्यास थियो । कायकर्तालाई शारीरिक तथा मानसिक रूपमा चुस्तदुरुस्त बनाउनु नै यसको मुख्य उद्देश्य रहेको थियो ।

पछिल्लो चरणमा पार्टीभित्र लामो समयदेखि स्कुलिङ्गको ठूलो अभाव खड्किएको थियो । त्यो अभावलाई पार्टी केन्द्रले गम्भीरताका साथ पूरा गर्ने पहल गर्‍यो । यो व्यवस्थापनको दृष्टिकोणले पनि निकै राम्रो रह्यो । देशैभरबाट आएका कमरेडहरूले पनि आवसीय स्कुलिङबाट धेरै कुराहरू सिक्ने अवसर प्राप्त गरेका थिए । तल तलसम्म फरक पार्टी र विचार नमिल्ने समुहका बीचमा पनि राजनीतिक रूपमा संवाद गर्न सक्ने, पार्टीको लाइन र विचारधाराको व्याख्या गर्न सक्ने, क्षमताको विकास, अध्ययनको विकास र संगठन निर्माण गर्ने सक्ने क्षमताको समेत विकास गर्‍यो । खास गरी  मार्क्स, लेनिन, एङ्गेल्स, माओद्वारा प्रतिपादित सिद्धान्तको दार्शनिक तथा समाजिक रूपमा विश्लेषण गर्नसक्ने बनायो । राजनीतिक रूपमा अर्थशास्त्रको अध्ययन, विश्लेषण तथा नेपाली धरतीमा त्यसको प्रयोगका बारेमा छलफल सुरु भएको महसुस भएको छ । वैज्ञानिक समाजवादवारे पनि ज्ञान मिलेको छ । स्कुलिङमा पार्टी नेतृत्वबाट प्रदान गरिएको नयाँ किसिमको उर्जा र कार्यकर्तामा पार्टीप्रति आवद्ध हुने थप आशक्ति तथा नैतिक बल पैदा गराएको छ । दर्शन सम्बन्धि अध्ययन र अन्तरविरोधको हल गर्न एतिहासिक द्वन्द्वात्मक भौतिकवाद मार्क्सद्वारा प्रतिपादित भएको कुरा छर्लङ्ग भएको छ ।

मार्क्सवादको आधारभूत र गुदी कुरा उत्पादन शक्ति र उत्पादन सम्बन्धका बारेमा कुरा बुझ्न ठूलो सहयोग मिलेको छ । आर्थिक दृष्टिकोणले श्रम र मूल्य बीचको सिद्धान्तलाई हल गर्ने अतिरिक्त मूल्यको सिद्धान्त जस्ता विभिन्न विषयमा थप ज्ञान हासिल गर्ने मौका मिल्यो । दार्शनिक र सैद्धान्तिक विषय वस्तुमाथि विश्लेषणसहित प्रशिक्षार्थीलाई जुन गहिराइबाट शिक्षण प्राप्त भयो, यसले हामीभित्र रहेका कयौं दुविधा र अन्यौलतालाई पनि समाधान गरिदियो । लामो समयसम्म कम्युनिष्ट आन्दोलनमा त्याग तपस्या गर्दै आएका कम्युनिष्टका दिग्गज पार्टी नेतृत्व कमरेड महसचिव मोहन वैद्य 'किरण', सिपी गजुरेल, परि थापा, रामसिं श्रीस, ईन्द्रमोहन सिह, हस्तबहादुर के.सी, हुकुमबहादुर सिंह, प्रा.डा जगदीशचन्द्र भण्डारी, प्रा.डा. ओम गुरुङ्ग र प्रा.डा. ताराकान्त पाण्डेय लगायत थुप्रै कमरेडहरूले गहिराइका पुर्‍याएर स्कुलिङको भाव संप्रेषण गर्नु भएको थियो । यो भाषाशैली, सिप, कला, कौशल, ज्ञानको दृष्टिकोणले निकै ओजपूर्ण थियो । उहाँहरूको पाठ्यवस्तु र अध्ययनको अनुभव, निकै लामै देखिन्थ्यो । नेतृत्वमा जुन किसिमको पार्टीप्रतिको निष्ठा र अनुशासन देखिन्थ्यो, त्यो निकै प्रेरणादायी र अुनशरणगर्न योग्य थियो । यस अर्थमा पनि यो प्रशिक्षण प्रशिक्षक कार्यक्रमको निकै ऐतिहासिक महत्व रहेको छ ।

हामी पार्टीमा काम गर्ने नेता तथा कायकर्ताहरूलाई यसले राम्रो शिक्षा दिएको छ । यो स्कुलिङबाट नियमित अध्ययन गर्ने बानीको विकास गर्ने, सैद्धान्तिक कुरालाई बढी जोड दिने, मालेमावादी दृष्टिकोणलाई व्यवहारमा लागू गरी अनुशासित ढगंले पूरा गर्ने बानी बसालेको छ । यस अतिरिक्त थुप्रै विषय वस्तुलाई पनि कायकर्ताहरूले थप विकास गर्नु पर्ने कुरामा हौसला प्रदान गरेको छ । जीवन र जगत, संघर्ष र वर्ग संघर्ष आदि जस्ता थुप्रै उत्तार चढाव र आरोह तथा अवरोहपूर्ण समस्या र चुनौतीहरूलाई समेत कुनै प्रवाह नगरी निरन्तर क्रान्तिकारी भैरहन प्रेरणा जगाएको छ । कम्युनिष्ट आन्दोलनमा देखा परेका विचलन अवसरवादी धारा र कम्युनिष्टका नाममा भ्रम फैलाउने प्रतिक्रियावादीका विरुद्ध असल कम्युनिष्ट भएर उभिन सक्ने सक्षम एवम् कुशल कार्यकताको विकास गर्न यसले जग हालिदिएको छ ।


कृषक वर्गहरूलाई अनुरोध

कृषि सामग्री कम्पनी लि.ले आयात गरेको उच्च गुणस्तरको युरिया, डि.ए.पी र पोटास मल तथा कृषि चुन कम्पनीका जिल्लास्थित कार्यालयहरूबाट सहकारीमार्फत् बिक्री वितरण भैरहेको हुँदा उक्त मल प्रयोग गरी उत्पादन वृद्धि गरौं ।

कृषि सामग्री कम्पनी लिमिटेड
AGRUCULTURE INPUTS COMPANY LTD.
(an Undertaking of Government of Nepal)

CG
बनौं आदर्श नागरिक
वाइ वाइ
जसले अरुको भलाईमा आफ्नो खुशी खोज्दछन्
उसलाई वाइ वाइ सलाम गर्दछ ।





हार्दिक शुभकामना

नेपालीहरूको महान् बडादशैं, शुभ दीपावली, नेपाल सम्वत् ११३९ एवम् छठ पर्व २०७५ को पावन अवसरमा सम्पूर्ण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।





इन्द्रबहादुर दाहाल, केन्द्रीय सदस्य- भूपू सैनिक संघ तथा
श्री पञ्चकन्या एग्रोभेट प्रा.लि
धुलिखेल नगरपालिका-४, काभ्रे

ईंट्टा, गिट्टी, बालुवा चाहिएमा हामीलाई तुरून्त सम्पर्क गर्नुहोला साथै हामीकहाँ बुल्डोजर, भ्याकुमलगायत सेक्युरिटी गार्डको पनि व्यवस्था छ ।
सम्पर्क नं. ९८५१००८२४६





IME International Money Express
Fast, Reliable And Secure Remittance
www.imeremit.com.np
छिटो, छरितो र भरपर्दो माध्यम
आइएमई बाटै पैसा पठाऔं
Toll Free
16600 151515
+977 1 4430600 info@imeremit.com.np
+977 1 4425800 facebook.com/imeremit
ime गरौं




प्रो. नबिन पौडेल मो.: ९८६७७६३३७६
नबिन स्वीट एण्ड चाट
देवदह, खैरेनी, रुपन्देही





हामीकहाँ शुद्ध घ्यूबाट बनेका मिठाई पाउनुको साथै घ्यू पनिर, दही, दुध आईसक्रिम र नास्ताको पनि पाईन्छ ।


साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड द्वारा प्रवर्द्धित STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रवर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोहै आना ढुक्क हुनुहोस्
मेट्रो काठमाडौं ग्यांस इण्डष्ट्रिज लिमिटेड
जुंगे खोला, धादिङ्ग
सम्पर्क कार्यालय कालिमाटी, काठमाडौं
फोन: ४२८६८१६, सनराईज बैंक रहेको भवनको माथिल्लो तल्ला
ईमेल: metro@stcnepal.com





साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरु


**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।